

# SIRUBARI A VILLAGE ON STAGE

## सिरुबारी रंगमञ्चमा गाँउ

LISE LANDRIN

PARIKSHA LAMICHHANE

© LES ÉDITIONS SPREMOUT

SIRUBARI : A VILLAGE ON STAGE
First edition February 2019

Supported by PACTE , LIENS, LIBELLUD

Printed by Pixartprinting

All rights reserved. No part of this publication may be reproduced, distributed, or transmitted in any form or by any means, including photocopying, recording, or other electronic or mechanical methods, without the written permission copyright holder.

ISBN 978-2-9567402-0-9

Written by LISE LANDRIN and PARIKSHA LAMICHHANE

Designed by LILA PEUSCET

# CONTENTS


* ACKNOWLEDGMENTS
* THE TEAM
* CHAPTER 1 – SIRUBARI : A VILLAGE OF NEPAL
  - Geography and sociology: an overview
  - Population diversity
  - Architecture step by step
  - Traditions, practices and local festivals
  - Tourism: the original project of a community
  - School
* CHAPTER 2 – THEATRE OF THE OPPRESSED, A PROJECT FOR RURAL DEMOCRACY AND GENDER EQUALITY
* CHAPTER 3 – WOMEN'S PARTICIPATION IN CREATIVE THEATRE
  - Why target a group of women?
  - Phase 1 - April 2017: The beginning of a journey
  - Phase 2 -October 2017: Understanding
  - Phase 3 -March 2018: Empowerment
* CHAPTER 4 – TEENAGERS: FROM CURIOSITY TO LEARNING AND PASSION
  - Tools
  - Play 1 -April 2017
  - Play 2 -October 2017
  - Play 3 -March 2018
* AFTERWORD




# सारांश


* ACKNOWLEDGMENTS

* समूह

* अध्याय १ - सिरुबारी : सामाजिक परिवर्तनलाई अंगालेको गाँउ
  भूगोल तथा सामाजिक विज्ञान : विस्तृत जानकारी
  जनसंख्याको विविधता
  वास्तुकलाको जानकारी
  परम्परा, अभ्यासहरु तथा स्थानीय चाडपर्वहरु
  पर्यटन : समावेसीताको लागी सामूहिक पहल
  स्कूल

* अध्याय २ - थिचिएकाहरुको रंगमञ्च ;
  ग्रामीण विकास तथा लैङ्गिक समानताका लागी परियोजना

* अध्याय ३ - सृजनात्मक रंगमञ्चमा महिलाको सहभागीता
  महिलाहरुसँगको सहकार्य किन आवश्यक छ ?
  पहिलो चरण : अप्रिल २०१७ : यात्राको सुरुवात
  दास्रो चरण अक्टोवर २०१७ : बुझाई
  तेस्रो चरण, मार्च २०१८ : सशक्तिकरण

* अध्याय ४ किशोर-किशोरीहरु : यात्रा 'जिज्ञासा', सिकाई अनि 'समर्पण'को ।
  अभ्यासहरु
  नाटक १ - अप्रिल २०१७
  नाटक २ - अक्टोबर २०१७
  नाटक ३ - मार्च २०१८

* AFTERWORD




# ACKNOWLEDGMENTS

This book sums up a theatre project that took place between April 2017 and May 2018 in a village called Sirubari. This one-year program was an original idea from Pariksha Lamichhane (Artist, Nepal) and Lise Landrin (Researcher, France) aiming at better understanding the problems affecting rural areas and the everyday life of marginalized people in Nepal. Together, we assume that to fight poverty, foster gender equality and promote social awareness, one needs a place to discuss and perform these issues. The stage can help in this sense to find collective solutions, as a rehearsal for social change. Pariksha is a professional in the "Theatre of the Oppressed": an artistic technique born in Brazil (Augusto Boal). Looking to foster local talents in Nepal, she introduced this amazing tool in Sirubari in order to raise subaltern voices and empower them through acting. Lise on her side is writing a thesis on the social geography of Nepal, focusing on bottom-up development and gender issues. After an International Master's in Development (Grenoble Alpes University), her current research aims to find a new way of producing knowledge beyond the so called "expertise" of the researcher. Using the conception of knowledge as power, she relies on postcolonial and feminist epistemologies to foster research-action and grounded local development.

Through the creation of three theatre sessions, Pariksha and Lise introduced public and reflexive action in the Sangja district to address its social structures and their possible transformations. As such, this book is not an exhaustive presentation of Sirubari, nor an official promotion of a touristic place – Sirubari is indeed known as a village that has made significant steps toward progressive social change. It rather acknowledges and applauds the creative participation of Sirubari's women and teenagers in staging these five different plays. All the theatre representations were written by the villagers themselves to challenge their everyday lives.

Lila Peuscet (Graphic designer, France) has illustrated this project with her colourful pictural universe. Her innovative paper techniques create a truly universal language which transcends borders, helping to create a community of emotion. Marine Baudot (Illustrator, France) spent a week in Sirubari, leaving us with some beautiful black and white sketches which add a touch of depth and humour to our adventure. Finally, Elodie Berthe and Maxime Kgozien (Photographers, volunteers in Nepal) took videos and photographs to cover the theatre process. Thank you to Rock'n'wood NGO for your video and thank you to Elodie for authorizing the use of your wonderful pictures here. Gabriel Currie-Clark (Philosophy teacher and translator) was also part of this adventure and this book would not have been the same without without his talent in re-reading the manuscript and correcting the English mistakes.

A special thanks for Sirubari's hospitality, for all the participants who taught us so much, especially the women for their strength and their courage in trying this experiment despite their tight schedule of heavy work in the fields and the domestic sphere. Many thanks to Sirubari's School and teachers for giving us a place to perform. A great acknowledgement goes to Renu Yogi for her participation in the first theatre session, to Subina Poudel for the second one, and to Sicksha K.C for the third one. Particular thanks to our friend Kamala Tamang who knows the true language of humanity. A huge thanks to Thukpa Bahadur who awoke everyone's talents with his guitar notes.
Thanks also to Lil Bahadur Gurung a native and an intellectual of Sirubari for acknowledging our effort all along our adventure. Last but not least, a very sincere thanks to Myriam Houssay-Holzschuch and Isabelle Sacareau for guiding this research and inspiring women's initiatives all over the world.

Thank you to PACTE laboratory for sharing knowledges out of academia and funding it.
A warm thanks to L.I.E.N.S and especially to Chantal and Yvonne for their association in Clisson that supported this project from beginning to end. A special thanks goes to Libellud for their amazing DIXIT game and their warm support for this fieldwork. Last, a sincere thanks for all the crowdfunding participants whithout whom this book would not exist.

एप्रिल २०१७ देखि मे २०१८ सम्ममा सिरुबारी गाँउमा भएको रंगमञ्च सम्बन्धी कार्यक्रमको बारेमा यस किताबले  बताउँछ। यो एक वर्षिय कार्यक्रम परिक्षा लामिछाने (कलाकार, नेपाल) र लिज ल्यान्ड्रीन (अनुसन्धानकर्ता, फ्रान्स) को संयुक्त मौलिक सोचमा आधारित छ, जसको मुख्य अभिप्राय ग्रामीण भेगमा रहेका समस्याहरु र नेपालका सीमान्तकृत व्यक्तिहरुको दैनिकी बुझ्नु रहेको थियो।  गरिबीबाट माथि उठ्न, लैङ्गिक समानता भित्राउन र समाजमा जनचेतना फैलाउनका लागि खुलेर कुरा गर्ने र आफूलाई अभिव्यक्त गर्ने ठाउँको आवश्यकता पर्दछ भन्ने हाम्रो विश्वास रहेको छ। हामीले समाजमा सकारात्मक परिवर्तन गर्नका लागि रंगमञ्चको प्रयोग गऱ्यौं। परिक्षा 'थिचिएकाहरुको रंगमञ्च' मा काम गर्छिन् ; यो ब्राजिलमा जन्मीएका अगस्तो बोलद्वारा प्रतिपादित गरिएको रंगमञ्चीय टेक्नीक हो। नेपालका ग्रामीण भेगसम्म पनि रंगमञ्चलाई पुऱ्याउनुपर्छ भन्ने सोच राख्ने उनले यो सुन्दर विधि नेपालको सिरुबारी भन्ने गाँउमा लिएर गईन जहाँ उनले दबिएर बसेका आवाजहरुलाई माथि उठाउन रंगमञ्चको प्रयोग गरिन्। लिज भने नेपालको सामाजिक भूगोलको बारेमा थेसिस लेख्दै छिन्, विशेष गरि तल देखि माथि उठ्ने विकास र लैङ्गिक मुद्दाहरुमा केन्द्रित रहेर, अन्तराष्ट्रिय विकासमा मास्टर्स  सकिसके पछि अहिले उनी नयाँ तरिकाले पनि ज्ञानको प्रतिपादन गर्न सकिन्छ भन्ने कुरामा खोज अनुसन्धान गर्नै छिन्।

एकवर्षको अवधीभित्र तीनवटा रंगमञ्चीय कार्यशालालाई अघि बढाउँदै परिक्षा र लिजको सामूहिक प्रयासद्वारा स्याङ्जा जिल्लाको एउटा गाँउमा सामाजिक संरचना तथा त्यस संरचनामा ल्याउन सकिने सकारात्मक परिवर्तनहरुका बारेमा स्थानिय तवरबाट नै छलफल तथा विभिन्न कार्यहरुको सुरुवात भएको छ। सिरुबारी गाँउले पर्यटकिय क्षेत्रमा आफ्नो एउटा छुट्टै पहिचान बनाउन सफल रहेको छ। यस किताबको मुख्य उद्देश्य महिला तथा बालबालिकाहरुले उत्साहका साथ संलग्न हुनु भएका रंगमञ्चीय कार्यशाला तथा भूमिका निभाउनु भएका पाँचवटा नाटक प्रस्तुतीहरुका बारेमा विश्लेषण गर्नु रहेको छ। यस नाटक प्रस्तुतीका क्रममा प्रयोग भएका सम्पूर्ण कथाहरु त्यहाँका बासिन्दा तथा कार्यशालाका सहभागीहरु आफैले नै निर्माण गर्नु भएको हो।

लिला पिउसेट (ग्राफीक डिजाइनर, फ्रान्स) ले आफ्नो रंगीन कलात्मकताका साथ हाम्रो यस परियोजनालाई सहयोग गर्नु भएको छ। मारिन बौडोट (चित्रकार, फ्रान्स) ले हामीसँगै सिरुबारीमा एक हप्ताको समय बिताएर हाम्रा कार्यशालाको थुप्रै चित्रहरुको सृजना गरी हाम्रो यस परियोजनामा नयाँ आयाम थप्नु भएको छ। त्यस्तै इलोडी बथ र म्याक्सीम कोगजीन (फोटोग्राफर, भोलेन्टीयर, फ्रान्स) ले हाम्रो कार्यशालाको फोटो तथा भिडियो लिएर सहयोग गर्नु भएको छ। उहाँहरु दुबैलाई हाम्रो यस किताबमा प्रयोग भएका तस्वीरहरुका लागि धेरै धन्यवाद। साथै रक एक उड नामक एन जी ओ ले हाम्रो यस परियोजनाको डकुमेन्ट्री निर्माण गरिदिनु भएकोमा धन्यवाद दिन चाहन्छौं।

विशेषत आफ्नो गाँउको हिस्सा बन्ने मौका दिनुभएकोमा तथा न्यानो माया अनि स्वागतका लागि सम्पूर्ण सिरुबारी गाँउलाई धेरै धन्यवाद। हाम्रो कार्यशालाका सम्पूर्ण सहभागीहरु जसले आफ्नो दैनिकिको व्यस्तता, घर अनि खेतबारीको कामहरुको बिचबाट अमूल्य समय निकालेर आफ्ना अनुभव, शक्ति अनि हिम्मत हामीसँग बाड्नु भयो हृदयदेखि नै प्रेम अनि धेरै धन्यवाद। सिरुबारीको स्कूल अनि त्यहाँका सम्पूर्ण  शिक्षकहरुलाई कार्यशालाका निम्ति स्थान प्रदान गर्नु भएकोमा धन्यवाद दिन चाहन्छौं।

हाम्रो पहिलो, दोस्रो तथा तेस्रो कार्यशालामा सहयात्री बन्नु भएका क्रमश रेणु योगी, सुबिना पौडेल तथा शिक्षा के.सी. लाई हृदय देखि नै मुरी मुरी स-धन्यवाद। मानवतको मिठो भाषा बोल्ने हाम्रो साथी कमला तामाङ्गलाई पनि धन्यवाद। आफ्नो गीतारको धुनबाट सृजनशीलताको तरंग फैलाउन मद्दत गर्नुहुने थक्पा बहादुरलाई धन्यवाद। लाइबिलुड इडिसनलाई दिक्षित गेम प्रदान गर्नु भएकोमा तथा हाम्रो परियोजनालाई सहयोग गर्नु भएकोमा धेरै धन्यवाद।
सिरुबारीका बौदिक व्यक्तित्व, लिल बहादुर गुरुङ्ग ज्यूलाई हाम्रो प्रयासलाई सकारात्मक दिशा प्रदान गर्नु भएकोमा धन्यवाद दिन चाहन्छौं।
अन्त्यमा मरियम होऊसे तथा इसाबेल साकारुलाई संसारभर महिला नेतृत्वलाई पहल तथा यस अनुसन्धानलाई सहयोग गर्नु भएकोमा धेरै धन्यवाद।

## THE TEAM

### LISE LANDRIN
लिज ल्यानड्रिन



A PHD student in Grenoble Alpes Université (PACTE), Lise came to Nepal in 2013 to study a development project implemented by SAPPROS NEPAL, a local NGO based mostly in the Far Western Nepal. After first writing about « chaupaddi » (a tradition regarding women's impurity during menstruations), her thesis now questions the social norms of gender.
Her geography of gender and poverty queries how social spaces are unequally distributed and why their occupation reproduces oppression. Indeed, space is never a neutral reality. Borders, places, and segregations result from social dispositions that are always intertwined with power relations. However, being a young, white researcher doing a PHD far away from one's own culture also implies power relations. In order to avoid the superiority of education or expertise, Lise chose the theatre as a medium through which knowledge can be created and shared. She considers that knowledge must rely on a participative effort, made 'by' and 'for' the people, not 'on' or 'about' them. Theatre is an amazing tool; it is in itself a specific language based on bodily expression. According to Lise, theatre helps to build a reflexive space in which bodies, poverty and gender issues can be shown, discussed but also transformed. Theatre thus meets geography of intimacy in this creative PHD approach, giving an opportunity to discuss collectively the nature of our social roles and interactions.

ग्रेनोबमा पि.एच.डी. गर्दै गरेकी विद्यार्थी लिज २०१३ मा सुदुर पश्चिम नेपालमा रहेको स्थानिय एन.जी.ओ. SAPPROS नेपालको विकास परियोजना बारे अध्ययन गर्न पहिलो पटक नेपाल आएकी थिइन् । त्यस बेला उनले नेपालको छाउपडी प्रथाका बारेमा एउटा लेख लेखेकी थिइन । अहिले उनी लैङ्गिगताले सामाजिक मूल्य तथा मान्यताहरुमा पार्ने प्रभावका बारेमा खोज गर्दै छिन् । लैङ्गिकता तथा गरिबी अनि समाजमा हुने असन्तुलन, असमानता तथा दमन बीच के-कस्तो सम्बन्ध रहेका छन् भन्ने उनको खोजिको विषय रहेको छ ।
भूगोल कहिले पनि समान हुन सक्दैन । सिमाना तथा विभाजनहरु सामाजिक संरचना तथा शक्ति सम्बन्धहरुका परिवाहक हुन् । यो भन्दै गर्दा जवान र सेता छाला भएको खोजकर्ता जसले आफ्नो देश भन्दा पर रहेर पि.एच.डी. गर्दै छ, यसले पनि शक्ति सम्बन्धको खेल खेल्न सक्थ्यो ।
त्यसैले शिक्षाको उच्चता तथा दक्षताले खोज कार्यमा कुनै बाधा सृजना नगरोस तथा ज्ञानको सृजना अनि साटासाट सजिलो होस भन्ने हेतुले उनले रंगमञ्चको छनोट गरिन् । उनी ज्ञान सहभागीता मूलक हुनुपर्ने तथा मानिसहरुबाटै मानिसहरुका लागि सृजीत हुनु पर्ने कुरामा विश्वास राख्दछिन् । रंगमञ्च एउटा उत्कृष्ट अभ्यास हो ; यसको आफ्नै भाषा रहेको हुन्छ, जसलाई शारिरीक हाउभाउबाट व्यक्त गर्न सकिन्छ । लिजका अनुसार, रंगमञ्चको प्रयोगले गर्दा गरिबी अनि लैङ्गिक मुद्दाहरुमा छलफल उठाउनु मात्र नभएर त्यसलाई समाधान गर्ने बाटोहरुको निर्माण पनि गर्न सकिन्छ । यसरी पि.एच.डी. गर्दै गर्दा, रंगमञ्चले भौगोलिक आत्मीयता तथा सामाजिक भूमिका अनि सामूहि अन्तरक्रियाको अवसरलाई आत्मसाथ गर्न धेरै सहयोग गरेको छ ।

Aspiring writer, traveler, theatre artist and a dreamer who believes in the power of humanity, love, hope, togetherness and knowledge. She had her earlier career as a registered nurse and later she choose to study social science and theatre. Now she is pursing her master's degree in Conflict, Peace and Development studies from Tribhuvan University, Nepal. Pariksha was always a rebel, right from her childhood days as she never tried to fit in the gender roles and broke the social barriers that were unfair. She asked questions and being unable to find the satisfying answers, her journey started toward seeking the answers.
Theatre gave her the connection between herself and the society. She could finally understand the relationship between social norms and human behavior in a deeper level. After working in the capital city for years, Pariksha had a dream to use theatre as a tool to initiate bottom up approach in the rural villages of Nepal with a strong determination of challenging social injustice, inequality and long lasting patriarchial dominance. She wanted to introduce theatre especially to the women and children in order to create a collective wave of common interest and strength through the freedom of expression. She didn't knew if people would accept this concept of using theatre to find and strengthen repressed voices and challenging the social dominance and injustice. But anyway she wanted to initiate this risky journey because of the strong positive intutions she had regarding this idea. Finally, in 2017 a journey started and after witnessing the overwhelming response with strong and impressive results she is now determined to extend this concept even further.

## PARIKSHA LAMICHHANE
**परिक्षा लामिछान**



मनवता, प्रेम, आशा, एकता अनि ज्ञानको शक्तिमा विश्वास राख्ने उनी यात्रा गर्न तथा ठूला सपनाहरु देख्न रुचाउँछिन् भने एक कूशल रगंकर्मी हुन् तथा लेखक बन्ने दृढ इच्छाशक्ति राख्दछिन् । उनले आफ्नो सुरुवाती करियर नर्सको रुपमा सुरु गरेको भएता पनि पछि उनले सोसल साइन्स तथा रंगमञ्चको अध्ययन गर्ने निर्णय गरिन । हाल उनी नेपालको त्रिभूवन विश्वविद्यालयबाट द्वन्द, शान्ती, तथा विकासाको अध्ययनमा आफ्नो मास्टर्स डिग्री पूरा गर्दै छिन् । परिक्षा सानैदेखि विद्रोही स्वाभावकी थिइन् । असन्तुलीत शक्ति संरचनाबाट निर्माण गरिएका समाजका अनुचित तथा अन्याय पूर्ण बन्धनहरुलाई तोड्दै उनले समाजले निर्धारण गरेका लैङ्गिक भूमिकाहरुलाई मान्नै पर्छ भन्ने अपवादलाई तोड्ने प्रयास गरिन् । सामाजिक संरचनाहरु माथि उनले उठाएका प्रश्नहरुको सन्तोषजनक उत्तर पाउन नसकेपछि धेरै उत्तरहरुको खोजिमा उनको जीवनको नयाँ यात्रा सुरु भएको थियो । आफू र समाज दुबै लाई बुझ्नका लागि रंगमञ्चले उनलाई धेरै मद्दत गर्‍यो ।
अन्तत : सामाजिक आदर्श, मूल्य तथा मान्यताहरु अनि मानव व्यवहार बीचको सम्बन्धका बारे उनले गहिरो अध्ययन गरि धेरै जानकारीहरु हासिल गर्दै अघि बढिन् । नेपालको राजधानी सहर काठमाडौँमा थुप्रै वर्ष काम गरिसकेपछि, आधारभूत विकासको सिद्धान्तलाई पछ्याउँदै अब उनी ग्रामीण भेगहरुमा पनि रंगमञ्चको प्रयोगद्वारा सामाजिक अन्याय, असमानता तथा पुरुष प्रधान प्रभूत्वलाई चनौती दिदैं सकारात्मक परिवर्तनका लहर सृजना गर्न चाहन्थिन् ।
विशेषत : अभिव्यक्तिको स्वतन्त्रतालाई सुनिश्चित गर्दै सामूहिक रुची अनि एकतालाई बृद्धि गर्ने संकल्पका साथ महिला अनि बालबालिकाहरुसँग काम गर्नु उनको सपना थियो ।
दबिएर बसेका आवाजहरु खोज्ने तथा प्रस्फूटक गर्ने मञ्चका रुपमा रंगमञ्चलाई प्रस्तुत गर्दै सामाजिक दमन तथा अन्यायहरु बिरुद्ध आवाज उठाउनका लागि प्रयोग गर्ने अवधारणा समाजमा स्वीकार्य हुन्छ या हुँदैन उनलाई एकिन थाहा थिएन । तर यो चुनौतीपूर्ण यात्रा पूर्ण रुपमा आफ्नो अन्तरमनको आवाजको मार्गदर्शनमा निहित रहेर उनी सुरु गर्न चाहन्थीन् ।
अन्तत : २०१७ मा यो यात्रा सुरु भयो । यस यात्राको दौरान महसुस भएका निकै सुन्दर, अनि प्रभावशाली नतिजाहरुले गर्दा अब उनी उझ बढि उत्साह तथा संकल्पका साथ यस यात्रालाई टाढा सम्म लान चाहन्छिन् ।



# CHAPTER 1

SIRUBARI: A VILLAGE OF NEPAL

अध्याय १ - सिरुबारी : सामाजिक परिवर्तनलाई अंगालेको गाँउ





Sirubari is situated in the Sangja District, the centre-south of the country. As a middle high village of Nepal, Sirubari has a tropical humid climate, allowing for cultivate rice, kodo, corn and potatoes, plus some local vegetables and fruits thanks to local water management.

The environment is marked by lush forests and terrace cultivation. Though animals such as buffalo, goats, bulls and chickens are still used for subsistence or to work the land, agricultural belongings are slowly going down. Nowadays the first income of villagers comes from family members living abroad (remittances), and the younger generations increasingly find themselves attracted to urban way of life.

Most men between 20 and 40 years old have left the village to find a job and they only come back on vacation. They rarely pursue the agricultural work of their parents and one often sees old field area around Sirubari, as everywhere in Nepal. Added to this, the influence of India and China – the powerful neighbours – is visible in terms of both economical growth and migration.

Nowadays, four roads connect Sirubari to Pokhara through different valleys, making it accessible in five hours by bus or jeep. Indeed, in the last few years, roads have changed the lifestyle in Sirubari.

Facilities regarding domestic amenities, access to healthcare, mobility but also tourism are some of the major effects of connections. Internet accessibility is also being developed.
Though the rural flight is a phenomenon encountered throughout Nepal, Sirubari thus remains a relatively attractive place. As such, Sirubari is a 1600m high village that knows a social renewal.

सिरुबारी नेपालको मध्यदक्षिण भेगमा रहेको स्याङ्जा जिल्लामा पर्दछ । यहाँ विशेषगरि धान, कोदो, मकै, आलु लगायत अन्य लोकल (स्थानिय) तरकारी र फलफूलहरुको खेती गर्ने गरिन्छ । भैँसी, बाख्रा, साँडे, कुखुरा, आदि पालन गर्ने गरिएता पनि खेतीपाती र पशुपालन दिन प्रतिदिन लोपोन्मुख हुँदै छ । युवापुस्तालाई खेतीपातीमा त्यति धेरै उत्साह रहेको पाँईदैन जसले गर्दा नेपालको अन्य गाँउहरुमा जस्तै सिरुबारीमा पनि केही बाँझो खेतहरु देख्न सकिन्छ ।
२० देखि ४० वर्ष उमेर समुहका प्राय व्यक्तिहरुले शिक्षा तथा रोजगारीका लागी गाँउ बाहिर जाने गरेको तथा बिदा मनाउनका लागी मात्र गाँउ फर्कने गरेको पाइन्छ । साथै आम्दानीको श्रोतमा रेमिट्यान्सको ठूलो भूमिका रहेको छ । यसबाट प्रायजसो नयाँ पुस्ता गाँउमा भन्दा शहरमा नै रमाउन थालेका छन् भन्ने अनुमान गर्न सकिन्छ । भारत र चाइना नेपालका दुई शक्तिशाली मित्र राष्ट्रहरुको प्रभाव यहाँको आर्थिक विकास र बसाईसराई दुबैमा देख्न सकिन्छ । अहिले पोखरा र सिरुबारीलाई जोड्ने चारवटा अलग-अलग बाटोहरु छन् र बस अथवा जीपको करिब पाँच घण्टाको यात्रामा पोखराबाट सिरुबारी पुग्न सकिन्छ ।
पछिल्लो केहि वर्षहरु देखि बाटोको बिस्तारसँगै सिरुबारीका बासिन्दाहरुको जीवनस्तरमा धेरै सकारात्मक परिवर्तन आएको देख्न सकिन्छ । घरायसी आवश्यकताका सामानहरुको ओसार पसार देखि, उपचार सुविधा, सजिलो आवतजावत लगायत पर्यटकहरु भित्रिनका लागि पनि बाटोको बिस्तारले धेरै राम्रो भूमिका खेलेका छ । भूगोलका हिसाबले सिरुबारी १,६१० मि. को उचाईमा रहेको एउटा सानो गाँउ हो, जसले संस्कृति र सामाजिक नवीकरण दुबैलाई सशक्त ढङ्गले अङ्गालेको छ ।





While ploughing is typically a man's activity, planting, cropping, cutting, storing, cleaning fields and feeding cattle are women's tasks.

हलो जोत्नु पुरुषको काम मानिन्छ भने खेतीबारी रोप्नु, काट्नु, थन्क्याउनु तथा गाईवस्तुलाई घाँस तथा आहाराको व्यवस्था गर्नु महिलाको कार्य मानिन्छ। यहाँ, महिलाहरु त्यहि बाटो हुँदै घर फर्कदैछन्।



Traditional agriculture is not mechanised. Here, a man is returning home after work with swing ploughs and bulls.

खेतीपातीमा मानव श्रमको नै प्रयोग गरिन्छ। हलो तथा गोरुको प्रयोगले खेत जात्ने गरिन्छ। यहाँ एकजना पुरुष खेतको काम सकेर घर फर्किदै छन्।



Wheat fields and cloudy hills, below Sirubari. The villager’s fields are ranged between 1200m and 2000m high.
सिरुबारीबाट तल्लो भेगमा देखिएको कोदो बारी तथा बादलले ढाकेका पहाडहरु । खेतबारीको उचाई १२०० मि. देखि २००० मि. सम्म रहेको पाउन सकिन्छ ।



October is an intense cropping season. Men and women work together in each other's fields to mutualize their workforce. This drawing shows how, from morning to evening, people cut and collect cereals in their baskets. During this season, women in particular rarely have the time to go home and eat during the day.

अक्टोवर र नोबेम्बरको महिनामा खेतीपातीको काम धेरै हुने गर्दछ। महिला र पुरुष मिलेर मेलापात गर्दै सबैको खेतबारीमा पालैपालो काम गर्दछन्। यस चित्रमा डोको बोकेर आसिको प्रयोग गर्दै बिहानदेखि बेलुकासम्म कोदो काटेको देख्न सकिन्छ। बाली थन्क्याउने मौसममा यति धेरै काम हुन्छ कि विशेष गरेर महिलाहरु कहिले काही खाना खाने समय सम्म पनि मिलाउन मुस्किल पर्दछ।



Kodo is collected in front of houses to be dried and milled.
घरको बाहिर कोदो सुकाएर पिन्नका लागि तयार पारिंदै।



Zoom on kodo crop.
काटिएको कोदो

Sirubari is known as a Gurung village. Gurung designates an ethnic group originally from the Mongoloïd area (Nepal counts about 125 ethnic groups). Gurung people progressively came into Nepal as nomads before settling in the middle high area. During the twentieth century, at the time of colonization in Asia, many Gurung people joined the National defence and resistance with the Gurkha army. Today, the army is still the first employer for the village, and most Gurung inhabitants in Sirubari have family members in England. Gurung people have their own language (Gurung) and they pay attention to conserving and sharing their culture through dance, food and rituals.

However, Nepal's strength is built on its diversity.
The Sirubari district is composed of different ethnic groups and castes, mostly Indo-Nepali people. Among this diversity we can find Kami, Sarki and Damaï groups, as well as a few Brahman and Chettri inhabitants. The lower castes are the most numerous in the Sirubari district, and are especially important for providing music and agricultural work to sustain the village.

Sirubari is a large administrative area. In the Gurung part of the village, one can estimate the number of houses around 43 and the number of inhabitants up to 75. However in the larger administrative area of Sirubari, there are about 150 houses and 400 residents. In both organisation, not all houses are inhabited. In one house, one can find between zero and twelve persons.

In the national social system, lower castes face discriminations and poverty, but integration and equal access to resources are getting better day after day, both in national laws and in everyday life. Sirubari is a progressive village, addressing the caste issues for a generation already. The first step was made in 1980 by a Gurung inhabitant of Sirubari who proposed an original touristic promotion of the village that could include Gurung, High, Middle and Lower castes of the village.
Our theatre project worked to sustain this global trend and we actually worked with different communities, though their lifestyles strongly differ.

सिरुबारी गुरुङ्ग बस्तीको रुपमा परिचित गाँउ हो । गुरुङ्ग समुदाय मङ्गोलियन बर्गभित्र पर्दछ । (नेपालमा करिब १२५जातीय समुहहरु रहेका छन्) । बिसौं शताब्दीताका जब एसियामा उपनिवेसबाद चर्किरहेको थियो, तब विशेषगरि गुरुङ्ग समुदायका व्यक्तिहरुले आर्मी सेवामा दाखिला लिएका थिए र आफूलाई गोर्खा आर्मीको रुपमा देश विदेशमा परिचित गराएका थिए । अहिले पनि यो समुदायका धेरै व्यक्तिहरु आर्मी सेवामा भर्ति भएको पाईन्छ र सिरुबारीका प्राय परिवारका कुनै न कुनै सदस्य इङ्ल्याण्डमा रहेको पाउन सकिन्छ । गुरुङ्ग समुदायको आफ्नै भाषा र संस्कृति रहेको छ र प्राय आफ्नो संस्कृतिको जर्गेना मौलिक नृत्य, खाना र बिभिन्न चाडपर्वद्वारा गरेको पाईन्छ । सिरुबारीमा सामाजिक विविधता पाउन सकिन्छ र यहाँ विभिन्न जात र समुदायका व्यक्तिहरु मिलेर बसेको देख्न सकिन्छ । यि मध्ये केहि ब्राह्मिन र क्षेत्री परिवार रहेका छन् भने कामी, सार्की र दमै समुदाय पनि भेट्न सकिन्छ । समाजले तल्लो जात भनेर छुट्टयाएका यि समुदाय प्राय त्यँहाको बाजा र खेतीपातीका लागि चिनिन्छन् । सामाजिक हिसाबले हेर्ने हो भने, समाजले तल्लो जात भनेर छुट्टाएका समुदायहरुले सामाजिक विभेद र गरिबीको सामना गर्नुपरेको देख्न सकिन्छ । तर सामाजिक एकीकरण र श्रोतहरुमा पहुँच दिन प्रतिदिन सुधार हुँदै गईरहको पनि देख्न सकिन्छ । सिरुबारी एउटा प्रगतिशिल गाँउ हो, जहाँ गुरुङ्ग समुदायद्वारा पहिलो सकारात्मक कदम सन् १९८० मा चालिएको थियो, जब सिरुबारीलाई नेपालकै पहिलो पर्यटकिय गाँउको रुपमा विकास गर्ने अवधारणा अगाडी सारियो र यसका लागी गुरुङ्ग समुदायसँगसँगै अन्य जातिहरुलाई पनि समावेस गराईयो ।
हामीले हाम्रो रंगमञ्चीय कार्यक्रम मार्फत यही समाबेसितालाई अघि बढाउन खोज्यौ र हामीले त्यहाँ रहेका विभिन्न जात जातिसँग मिलेर काम गर्‍यौं ।
सिरुबारीको गुरुङ्ग गाँउमा करिब करिब ४३ वटा घरधुरी भएको अनुमान गर्न सकिन्छ र बर्तमान समयमा बासिन्दाहरु करिब ७५ देखी ८० को अनुमान गर्न सकिन्छ । त्सतै सिरुबारी वरिपरिको प्रशासनिक क्षेत्र भित्र करिब १५० वटा घरधुरी र ४०० को हाराहारीमा बासिन्दाहरु रहेको अनुमान गर्न सकिन्छ । केहि घरहरु खाली पनि रहेका छन् भने एउटा घरमा शून्य देखि १२ जना सम्मको परिवार रहेको अनुमान गर्न सकिन्छ ।

After the rainy season of July/August, Sirubari is surrounded by greenery and flowers.
असार साउनको बर्खापछि सिरुबारी वरिपरि हरियाली तथा फ· ·लहरु मौलाएको देख्न सकिन्छ ।


SHOWER



Brother and sister.
दिदी र भाई



Young woman at work.
काम गर्दै एक महिला

Drawing of a shy teenager.
लजालु युवतीको तस्विर

Drawing of grand mother with traditional dress.
पारम्परिक भेषभुषामा सजिएकी हजुरआमाको तस्विर







Tailor at work. काम गर्दै एक पुरूष



Mother and son going back home with fire wood. दाउरा बोकेर आमा र छोरा घर फर्कदै ।



Women in traditional Gurung dress. महिलाहरुको समूह (परम्परागत गुरुङ्ग भेषभुषामा)



Evening celebration. साझँको रमाइलो



Gurung Village of Sirubari with typical packed habitat. Picture from upper view point, October 2017.
एकै ठाउँमा मिलेर बसाईएको सिरुबारीको गुरुङ्गबस्ती । भिउटावरबाट खिचिएको तस्विर, अक्टोवर २०१७



Kami, Sarki, Damaï Village of Sirubari with dispersed habitat. Picture from upper view point, October 2017.
सिरुबारीको दमाई, सार्की तथा कामीगाँउ, भिउटावरबाट खिचिएको तस्विर, छरिएर रहेको बस्ती, अक्टोवर २०१७

Houses are traditionally made out of straw or mud with a stone roof. Domestic space is shared, with a single, large room on the ground floor and storage on the first floor. Most families have a personal garden above or behind the house with organic plants. The more recently designed houses in Sirubari are made out of cement and give importance to privacy by separating different rooms. Though gas has made its way into the kitchen, fire is still preferred for cooking. Fire also plays an important role in the spiritual life. To finish the global picture of Sirubari, one must add that water taps and toilets are always outside the house. In the village, large stones line out the walking path. The people of Sirubari all work hard to maintain a green environment and fight the effects of pollution.

घरहरु पारम्परिक रुपमा खर र ढुङ्गाले छाएर बनाएको देख्न सकिन्छ । गाईबस्तु पालन गर्नका लागि तल एउटा ठूलो खुल्ला कोठा (गोठ) बनाईएको हुन्छ र माथि आटि रहेको हुन्छ । प्राय घरहरुको अगाडी आँगन रहेको हुन्छ र वरिपरि तरकारी बारी देख्न सकिन्छ । नयाँ घरहरु भने सिमेन्टको प्रयोग गरेर बनाइएको पाइन्छ । प्राय सबै घरहरुमा खाना बनाउनका लागी ग्यास आइसकेको भएता पनि अझै आगोमा नै खाना बनाउने गरिन्छ र विशेष गरेर धारा अनि शौचालय घरको बाहिर नै बनाउने गरेको देख्न सकिन्छ । गाँउको हिड्ने बाटोमा ठूल्ठूला सर्लक्क परेका ढुङ्गाहरु बिछाइएको छ र सिरुबारीका मानिसहरु गाँउलाई हराभरा र सफा राख्नका लागि धेरै मेहनत गर्दछन् ।





This curved house is a very traditional model of Gurung habitat in Sirubari, but only five or six houses from this model exist in the village. On the right, a modern house (green one) is built with separate rooms.
सिरुबारी गाँउको गुरुङ्ग समुदायमा यस्तै गोलो घर बनाउने परम्परागत चलन रहेको भए तापनि अहिले गाँउमा पाँच देखि छ वटा मात्र यस्ता घरहरु रहेको पाउन सकिन्छ। दाहिने पट्टि (हरियो घर) आधुनिक तरिकाले बनाइएको देख्न सकिन्छ।





Houses always have a space in front of them which acts as a public space.
घर अगाडिको आँगन




Though traditional walls mix white colour with mud to make brown, more recent ones have fashionable colors such as pink, green, red, yellow or blue.
पहिले घरहरु रातोमाटोले पोतिने गरेका भएतापनि अहिलेका नयाँ घरहरुमा गुलाबी, हरिया, राता, पहेँला र निला आधुनिक रंगहरु लगाइएको देख्न सकिन्छ ।



Men walking on one of the village's stone roads.
गाँउको ढुङ्गा विच्छ्याइएका बाटोमा हिड्दै गरेका पुरुषहरु



A street with a large family household.
बाटोको छेउमा सुकाईएका लुगाहरु ।



A typical storage room, first floor.
भण्डार गृह, पहिलो तल्ला







A kitchen with a traditional fireplace and a new gas system.
पारम्परिक चुलो तथा नयाँ ग्याँस चुलो भएको भान्छा घर ।







Technique used to preserve pumpkins or garlic on the rooftop, making beautiful, green houses.

घरका छतमा सुकाइएको फर्सि लसुन जसले घरको सुन्दरताई अझ बढाएको देख्न सकिन्छ ।



Typical uninhabited house. Many people have left for the city or abroad .
खाली घरहरु । सहर अथवा विदेश जानक लागि धेरै मानिसहरुले गाँउ छाड्ने गरेका छन् ।

House being built. Four rooms are drawn on the floor and cement is brought from the city of Pokhara or sometimes India. •
बन्दै गरेको घर :सिमेन्ट पोखराबाट र कहिलेकाहि भारतबाट पनि ल्याइन्छ

• An allotment with aromatic plants and organic vegetables.
अर्गानीक तरकारीहरु

Some houses also have fields in front of them. •
घर अगाडी रहेको बारी

• Child enjoying his outdoor sitting area.
घरको आँगनमा खेल्दै गरेको एक बालक






As everywhere in Nepal, life is punctuated by festivals and songs. Here are some original Sirubari celebrations, composed of Buddhist, Hinduist and local animist beliefs. As every month is dotted of three or more events, one cannot present an exhaustive picture. Sirubari counts several Hindu temples, and a Buddhist temple which is currently under mending. A Lama (Buddhist priest) and a Shaman still conduct the traditional ceremonies. Most of all, spirituality and the respect of gods and goddesses are a part of everyday life that enters every house.

नेपालको अन्य भूभागमा जस्तै सिरुबारीमा पनि चाडबाड र संस्कृतिको आफ्नै महत्व रहेको छ। सिरुबारीमा मनाईने मुख्य उत्सवहरुमा हिन्दु, बौद्धिस्ट र केही स्थानिय मूल्य मान्यताहरुको ठूलो छाप रहेको पाइन्छ। प्रत्येक महिना नै प्राय केहि न केहि चाडबाड या उत्सबहरु त परि नै रहेका हुन्छन्। तर हाम्रो किताबको उद्देश्य यी उत्सबहरुको बारेमा ब्याख्या विश्लेषण गर्नु चाँहि होइन। सिरुबारीमा केहि हिन्दु धर्मावलम्बीहरुका मन्दिर र एउटा गुम्बा पनि रहेको छ। गुम्बामा लामा र मन्दिरमा पुजारीहरुद्वारा धार्मिक क्रियाकलापहरु अघि बढ्ने गरेको पाईन्छ। समग्रमा हेर्दा आध्यात्मिकता र देवी देवता प्रतिको विश्वास प्रत्येक जनमानसमा रहेको देख्न सकिन्छ।



Sirubari has its own goddess protecting the village. As the story goes, her younger sister lives on the other side of the hill, and if one village is in danger, the sister goddess will come to rescue the other one.

सिरुबारी गाँउलाई रक्षा गर्ने मान्यता बोकेको देवीको मन्दिर।

सिरुबारी गाँउ तथा यस भन्दा पारिको गाँउमा देवीको दिदी अनि बहिनीको बसाई रहेको मान्यता रहेका छ। यदि कुनै गाँउमा केही विपत्ति आई परेको खण्डमा देवीहरुले एकअर्कालाई सहयोग गर्न आउने किम्बदन्ती रहेका पाइन्छ।






Hindu Mandir (little temple).
मन्दिर

Buddhist Gumba under mending.
निर्माण हुँदै गरेको बौध्दीष्ट गुम्बा







Wedding ceremonies take place in the bride's village or town. All the husband's family members come to the bride's village and take her back to their house. The father of the bride gives his daughter as a 'gift' and thus she no longer belongs to her original family. Her husband's house becomes her house, and the bride has to learn to live with her family-in-law. Nowadays, several national laws control the dowry system to prevent abuse and to regulate the minimum wedding age. The new national code in 2017 also institutes equal inheritance and belongings for men and women.

विवाह समारोह

विवाह समारोह विशेषत दुलहिको गाँउ अथवा सहरमा हुने गर्दछ। दुलाहाले जन्ति लिएर आउँछन् र विवाह गरेर आफ्नो घर लिएर जान्छन्। दुलहीको पिताले कन्यादान गरेर छोरीको विदाई गरिसके पछि अब त्यो परिवार उनको माइतीघर हुन्छ। उनीहरु प्राय विवाह पछि सासु ससुरासँग एउटै घरमा बस्छन्। अहिले विभिन्न कानूनहरुले गर्दा दाइजोप्रथा घट्दै गएको पाइन्छ भने विवाहाको न्यूनतम उमेर पनि तोकिएको छ। साथै अहिले छोरा र छोरी दुबै लाई पैतृक सम्पत्तिमा समान हकको पनि कानूनी व्यवस्था रहेको पाइन्छ।

When someone celebrates their eightieth birthday, or if a man comes back to the village to retire after a long time abroad, a huge celebration takes place in the village. Musicians (Damaï caste) come to play all day and all night long. On those special days, everyone in the village is invited to share a meal (dhal bath).

कुनै व्यक्तिको अठारौँ जन्मोत्सव अथवा लाहुरे गाँउमा फर्किएको अवसरमा गाँउमा ठूलो उत्सव हुने गर्दछ । यस अवसरमा दिनभरि अनि राती अबेरसम्म बाजा, नाचगान तथा भोजभतेरको व्यवस्था गरिएको हुन्छ ।





Music gods have a specific place in Sirubari

सिरुबारीमा रहेको मन्दिर






Alcool and sweets like 'ciel roti' (rice flour fritter with sugar and oil) are cooked and everyone enjoys a dance.

रक्सी, सेलरोटी खादैँ, नाचगान गरि सबैजना रमाइलो गर्दै ।



During the Dashain festival, a bamboo swing is planted.
दशैंमा हालिएको पिङ्

The “Ghost festival” happens once a year, to protect the village from bad spirits. Children and adults go from house to house putting gifts and small wooden sticks on the roof for protection. They finally plant a wooden stick at the village’s entrance and exit, playing loud music and making noise to drive the evil spirits away.

भूत भगाउने पर्व वर्षको एक पटक मनाइन्छ, जसको मुख्य उद्देश्य गाँउलाई नकारात्मक शक्तिहरुको प्रभावबाट बचाउनु रहेको छ । बालबालिका तथा युवाहरु घर घरमा गई घरको छतमा काठको सानो टुक्रा राख्ने गर्दछन् । अन्तत त्यस काठलाई गाँउका सबै व्यक्तिहरु मिलेर चर्को बाजा बजाउँदै भूत, प्रेत तथा नराम्रा आत्माहरुबाट गा( ँउलाई बचाउनका लागि गाँउको भित्र प्रवेश गर्ने तथा बाहिर जाने ठाँउहरुमा राख्ने गरिन्छ ।







This celebration related to Dashain festival is a local festival happening in October. Animals are either sacrificed or killed to be eaten.

दशैं मनाइदैं । यस अवसरमा पशु बलि दिने गरिन्छ भने मासु मूख्य भोजन रहने गर्दछ ।



Sirubari is well-known as the first village in Nepal that offers "Homestay" tourism: a package which invites tourists or Nepali visitors to sleep, eat and enjoy a traditional Gurung home. A total of 17 houses are included in the system which is ruled through community management.

Every year, a new touristic manager is elected, as well as a new secretary. According to the system, the tourist groups are spread throughout different houses in order to mutualize and equally divide the tourist incomes. Thanks to this system, Sirubari's touristic project relies on social inclusion. Though the homestay tourism aims at promoting Gurung culture, Kami, Sarki, Damaï and other castes also take part in the touristic organization.
While Damaï men and boys offer a great welcome to visitors in Sirubari, lower caste women and girls help the Gurung dances and songs to come alive. A cultural show is given every night when tourists come. Women of all communities participate in a vocal improvisation on Sirubari's beauty, and tourists are invited to come on stage to share the local enjoyment.
Though international tourists were common in the last twenty years, nepali tourists are today the main visitors.

Domestic tourism is a very recent phenomenon in Nepal and Asia in general, with the new generation's growing access to leisure time and desire to travel. In Nepal, families, school programs and young couples come from every region to enjoy and discover their own country. According to the season, tourist groups can be 20 or 50 people per night in Sirubari. The Gurung community and lower castes make an everyday effort to present their village, clean the area, cook local products, and show their traditions while adapting to touristic comfort.

A recent tower built on top of the hill and a statue in memory of the local hero show that the touristic potential of the village is real. All of this touristic management demands a lot of work, especially for the women of the households.
And although tourism contributes to economical growth in Sirubari, inequalities between gender and castes urban and rural populations still need to be addressed.

सिरुबारी नेपालको पहिलो पर्यटकिय गाँउको रुपमा परिचित छ र होमस्टेको अबधारणा पनि यहिबाट सुरु गरिएको पाइन्छ। होमस्टेमा विशेषगरि बाह्य र आन्तरिक पर्यटकहरुलाई परम्परागत गुरुङ्ग घर र संस्कृतिसँग नजिक राखिन्छ। यस गाँउमा होमस्टेका लागी अहिले १७ वटा घरहरु छुट्टाइएका छन्। जसको व्यवस्थापन पर्यटन विकास तथा व्यवस्थापन समितिले गर्दछ।

सिरुबारीको विशेषता के रहेको छ भने होमस्टेमा कुनै पनि आन्तरिक अथवा वाह्य पर्यटहरुलाई राखिदा सबै घरहरुमा समानरुपले नियमबद्ध रुपमा बाडेर राख्ने गरिन्छ। जसले गर्दा यसबाट हुने आर्थिक फाइदा सबैले समान रुपले पाउन सक्छन्। यसका साथसाथै सिरुबारीको होमस्टेमा सामाजिक समावेशीतालाई पनि महत्व दिइएको छ। विशेषगरी होमस्टेको महत्व गुरुङ्ग समुदायको संस्कार र संस्कृतिलाई उत्थान गर्ने भएता पनि कामी, सार्की र दमाई समुदायको पनि यसमा महत्वपूर्ण भूमिका रहेको देख्न सकिन्छ। यसै समुदायका पुरुष र युवाहरुले पर्यटकहरु सिरुबारी पुग्ने वित्तिकै मिठो बाजा बजाएर स्वागत गर्दछन् भने यहि समुदायका अन्य महिलाहरुले नृत्य तथा गीतहरुलाई जीवन्त बनाउँदछन्।

गाँउमा पाहुनाहरुका बेलौ विभिन्न मनमोहक साँस्कृतिक कार्यक्रमहरु गर्ने गरिन्छ। सिरुबारीमा रहेका प्रत्येक समुदायका महिलाहरु मिलेर त्यँहाको विशेषता र सुन्दरताको बारेमा लोकल भाकाहरुमा गीतहरु गाउने गर्दछन् र अन्त्यमा सबै पाहुनाहरुलाई पनि सँगै नृत्य गर्नको लागि स्टेजमा आमन्त्रण गरिन्छ। होमस्टे सुरु गरिएको पछिल्लो २० वर्षमा धेरै बाह्य पर्यटक आउने गरेता पनि अहिलेको समयमा धेरै आन्तरिक पर्यटकहरु आउने गरेको कुरा स्थानियबासीहरु बताउँछन्। आन्तरिक पर्यटन नेपाल तथा एसिया कै लागि एउटा नयाँ अवधारणा मान्न सकिन्छ किनकी अहिलेका नयाँ पुस्ताहरुले घुमफिरमा बढि चासो लिन थालेका छन्। नेपालमा पनि परिवारहरु मिलेर, स्कूलले कुनै कार्यक्रम बनाएर अथवा युवाहरु मिलेर, खाली समयको सदुपयोग गर्दै विभिन्न स्थानहरुको सुन्दरता र विशेषता नियाल्नका लागी घुमफिर गर्ने प्रचलन बढेको छ। सिजन अनुसार सिरुबारीमा पनि धेरै पर्यटकहरुको ग्रुप आउने गरेको पाइन्छ। कहिले त एकै दिनमा ४० देखि ६० जना सम्मका ग्रुपहरु पनि आउने गर्दछन्।
यस्तो बेलमा विशेष गरेर महिलाहरुले घरमा धेरै काम गर्नुपर्ने हुन्छ। यदि पर्यटन विकासले गर्दा आर्थिक विकासमा टेवा पुऱ्याउछ भने यसले समाजमा विभिन्न शक्ति सम्बन्धहरुको पनि उत्पत्ति गराउँदछ। लैङ्गिक सम्बन्ध, जातिय प्रणाली तथा वर्ग संरचनाले गर्दा समाजमा ठूलो पर्खाल खडा गर्न सक्दछ। यसमा अझै ग्रामीण तथा शहरी भूभागका बासिन्दाहरुको भेट हुँदा आपसी सहिष्णुता, सहनशीलता र सुमधुर आचरणको विकास गर्नु महत्वपूर्ण देखिन्छ। साँस्कृतिक कार्यक्रम बाहेक पनि गुरुङ्ग समुदाय तथा दमाई, कामी तथा सार्की समुदायद्वारा आफ्नो गाँउलाई सुन्दर, शान्त राख्नु र पर्यटकको सुख सुविधालाई मध्यनजर गर्दै आफ्नो संस्कृतिको उत्थान गर्नुमा ठूलो हात रहेको छ। भर्खरै डाँडाको टुप्पोमा बनेको भिउ टावर र सिरुबारीलाई अहिलेको स्थानसम्म ल्याउन महत्वपूर्ण भूमिका खेल्ने सबैभन्दा महत्वपूर्ण व्यक्तिको मूर्तीको स्थापनाले पनि यो गाँउ पर्यटकीय गाँउको रुपमा स्थापित हुन लायकको छ भनेर मान्न सकिन्छ।






Musicians welcome international tourists or nepali guests. Here they are waiting for their bus or jeep.

बाजा टोली आन्तरिक तथा बाह्य पर्यटकहरुका स्वागतका निम्नि तयारी अवस्थामा

Women give the flower necklace to visitors.

गाँउमा आउनु भएका पाहुनलाई माला लगाएर स्वागत गर्दै एक महिला






Arrival, journey and departure of guests in Sirubari, October 2017.






सिरुबारीमा आउदै तथा जादैं गरेका पाहुनाहरु, २०१७





This dining hall in the homestay is a recent invention to mix the traditional way of living with touristic standards. Nepali people in villages tend not to eat at the table and do not separate the kitchen from other parts of the house. Nowadays, this style of house and these habits are more and more frequent in Sirubari.

होमस्टेको यस भोजन कक्षलाई पर्यटकहरुको सुविधा अनुसार सजाइएको छ। प्राय नेपालको ग्रामीण भेगहरुमा टेबलमा बसेर खाना खाने चलन पाइदैंन। भान्छा र भोजनकक्ष एउटै कोठमा हुने गर्दछ। सिरुबारीमा भने यो नयाँ प्रचलन होमस्टेका प्रसस्त घरहरुमा भेट्न सकिन्छ।

Advertisement to keep the village clean. View on a street with traditional Tibetan-Nepali flags

गाँउ सफा राख्नका लागि गरिएको प्रचार। झण्डाहरुले सजिएको बाटो।


प्राकृतिक संपदाको संरक्षण गरौं।
सौजन्य -
पर्यटन विकास समिति, सिरुबारी

When they arrive and leave, guests receive flowers, scarves and good wishes.
पाहुनाहरु गाँउमा पुग्ने वित्तिकै तथा गाँउबाट फर्किने बेला फूल, माला, खादा तथा शुभकामनाको आदान प्रदान गरिन्छ ।

- Bedroom in a homestay. Once again, beds and private rooms are an invention of the homestay system to welcome tourists according to their standards of comfort.
  होमस्टेको बेडरुम । यसरी सजाइएका बेडरुमहरु पर्यटकको सुविधालाई मध्य नजर गर्दै होमस्टेका लागि विशेष रुपमा निर्माण गरिएको पाइन्छ ।

Another moment of traditional hospitality consists of drinking tea together (black or with milk).
सबैजना सँगै बसेर चिया पिउदैं ।

- Inhabitants design the flower necklaces themselves and make sure that everyone is welcomed in their house as if they were family members.
  सबै पाहुनाहरुलाई सुन्दर माला लगाइ आफ्नै परिवारको सदस्य जस्तै गरि होमस्टेमा स्वागत गरिन्छ ।








One of the main attractions in the upper part of Sirubari is this viewpoint, inaugurated in 2018.
सिरुबारी गाँउको मुख्य आकर्षण - भिऊ प्वाइन्ट टावर । यस टावरको उद्घाटन २०१८ मा गरिएको थियो ।

Older generations had little chance to access education and some of them confess to still feeling blinded by this lack of knowledge, especially women whose right to education is only recent. Today there are two public schools in Sirubari, allowing the new generation to study until the twelfth grade. Some have the opportunity to continue their formation in cities, but higher education is still a rare privilege in Nepal. School in the village is the chance for kids to get to know each other better, to mix class, gender and caste, and to build common ground after the long civil war (1996-2006). Local teachers work hard to make education a priority, and our theatre project for teenagers was an occasion to bring a kind of pedagogy that kids would not have been able to afford in a city, as artistic formation is still an elite domain.

पुरानो पिढिले स्कूले शिक्षा हासिल गर्न पाउनु भएन, केहि बुवाआमाहरुले आफूले स्कूले शिक्षा आर्जन गर्न नपाएकाले आफूलाई शैक्षिक रुपमा अन्धो महसुस गर्ने गरेको कुरा स्विकार गर्नु भएको पाउन सकिन्छ। विशेष गरेर केहि हजुरआमाहरुले आफूले राम्रो शिक्षा पाउन नसकेकाले गर्दा आफ्नो छोराछोरीलाई पनि उचित शिक्षा दिन नसकेको गुनासो पोख्नु भयो। अहिले गाँउमा दुईवटा सरकारी स्कूलहरु रहेका छन्। जहाँबाट नयाँ पुस्ताले कक्षा १२ सम्म अध्ययन गर्ने मौका पाएका छन् भने कतिले शहरमा आएर पनि आफ्नो उच्च शिक्षा हासिल गरेको देख्न सकिन्छ। १२ सम्म आफ्नै गाँउमा पढ्न पाउने भएकाले त्यहि बिच बच्चाहरुले समाजमा घुलमिल हुने, विभि( न्न जात जातिको बारेमा बुझ्ने र लैङ्गीक मुद्दाहरुलाई विश्लेषण गर्ने राम्रो मौ का पाउँछन्। स्थानीय शिक्षकहरुले शिक्षालाई पहिलो प्राथमिकताका रुपमा स्थापित गराउनका लागि धेरै मेहनत गर्नुभएको देख्न सकिन्छ।

हाम्रो रंगमञ्चीय परियोजना त्यहाँका बालबालिकाहरुका लागि एउटा नयाँ कलात्मक सिकाइको माध्यम बन्न सक्छ जुन अन्यथा मात्र स्कूले कित( ाबबाट पाउन मुस्किल छ, किनकी कलात्मक शिक्षालाई अझै पनि पहिलो प्राथमिकता दिइदैन र शहरी क्षेत्रमा पनि यसलाई सम्पन्न वर्गहरुले मात्र सजिलैसँग हासिल गर्न सक्छन्।





Girls and boys wear uniforms and sing the national hymn every morning
स्कूलको पोसाकमा सजिएका किशोरीहरु । यहाँ स्कूलमा प्रत्येक विहान राष्ट्रिय गान गाउने गरिन्छ ।

Exercises in the school courtyard outside school time
स्कूलको प्राङ्गणमा हाम्रो कार्यशालामा सहभागी हुँदै गरेका किशोर किशोरीहरु ।





This picnic spot with a fireplace is a perfect place to welcome school groups. Inhabitants also come at night during festivals to gather and sing traditional songs.

पिकनिक खाने ठाउँ हाम्रो कार्यशालाका निम्ति उपयुक्त स्थान रहेको थियो। साथै गाँउका बासिन्दाहरु पनि चाडबाड मनाउँनका लागि यहाँ भेला भएर रमाइलो गर्ने प्रचलन रहेको छ।

# CHAPTER 2

THEATRE OF THE OPPRESSED, A PROJECT FOR RURAL DEMOCRACY AND GENDER EQUALITY

अध्याय २ - थिचिएकाहरुको रंगमञ्च ; ग्रामीण विकास तथा लैङ्गिक समानताका लागी परियोजना



In *APRIL 2017*, in a coffee in Pokhara, a project was born: we (Pariksha and Lise) decided to implement a theatre project in a village of Nepal, and to create a play with people who knew nothing of the acting process.
Sirubari was elected as the best place to try this adventure, despite our lack of contacts there.

Initially, when the idea first hit our mind, a lot of mixed emotions came out.
We started this journey guided by our intuitions and our passionate beliefs.





२०१७ को अप्रिल महिनामा पोखराको बजारमा बसेर कफि पिउँदै गर्दा एउटा परियोजनाको जन्म भएमो थियो । नेपालको गाँउ गाँउ सम्म रंगमञ्चलाई कसरी पुऱ्याउन सकिन्छ ? के त्यहिका स्थानियहरुसँग मिलेर नाटक निर्माण गर्न सकिन्छ ? र यसका चुनौतीहरु र सकारात्मक पक्षहरु के-के हुन सक्छन् भन्ने विषयमा छलफल चलिरहेको थियो । परिक्षा रंगमञ्चको प्रयोगद्वारा कसरी सामाजिक भिन्नता, लैङ्गीक विभेद र गरिबीसँग जुध्न सकिन्छ भनेर विश्लेषण तथा अध्ययन गरिरहेकी थिइन् ।
त्यस्तै लिज समाजशास्त्रको विद्यार्थी भएकाले सहभागीत(ामूलक अनुसन्धानमा काम गर्दै थिइन् । हामी दुबैजनाको एउटा साझा अवधारणा थियो, विकासको अवधारणा समुदाय भित्रैबाट जुरमुराउन जरुरी छ । सुरुमा जब यो विचार हाम्रो मस्तीष्कमा आएको थियो, धेरै मिश्रित भावनाहरु पनि सँगसँगै सलबलाएका थिए । यो यात्राको सुरुवात देखि नै हामीलाई हाम्रो अन्तरमनको आवाज र आफ्नो कर्मप्रतिको विश्वासले डोऱ्याएको थियो ।









एउटा सुन्दर समाजको निर्माण गर्ने दृढ संकल्पका साथ जहाँ समता र समानता सम्बृद्धिको बलियो जग बनेर अडिने छ, हामी एउटा परियोजनाको साथमा अघि बढ्यौ र रंगमञ्चलाई छलफल र अभि( व्यक्ति गर्ने एउटा माध्यमको रुपमा प्रयोग गर्न लागी पर्‍यौं ; विशेषत ग्रामीण नेपालका महिला तथा बालबालिकाहरुसँग मिलेर । यो परियोजनाको पहिलो लक्ष्य थियो कि हामी महिला तथा बालबालिक( ाहरुसँग मिलेर समाजभित्र एउटा रचनात्मक र सुरक्षित स्थानको निर्माण गर्न सकौं, जहाँ हामी आफ्नो अन्तरमनको गहिराइसम्म पुग्न सकौं, आफ्नो कथाहरु बाड्न सकौं र आफ्नो लागी अलिकति समय निकालेर आफ्नो जीवनलाई नजिकबाट नियाल्न सकौं । यहि उद्धेश्य पूरा गर्नका निम्ति हामीले सिरुबारी गाँउ रोज्यौं । त्यहाँ दुईवटा छुट्टाछुट्टै समूहहरुको निर्माण गरियो, एउटा महिला समूह र अर्को किशोर - किशोरीहरुको समूह । यि समूहहरु बिच पारस्परिक अन्तरसम्बन्ध निर्माण गर्नका निम्ति, एक - अर्का बिच विश्वासको माहोल तयार गर्न र सबैका निम्ति सुरक्षित रचनात्मक स्थानको निर्माण गर्नका निम्ति हामीले रंगमञ्चसँग सम्बन्धित विभिन्न गतिविधिहरु तथा खेलहरुबाट सुरु गर्‍यौं । यस सामुदायिक संलग्नता 'थिचिएकाहरुको रंगमञ्च'बाट उत्प्रेरित थियो ।

With her theatre formation, and driven by international teachers, Pariksha is searching for a way to help her own society in order to understand and fight the reproduction of poverty in Nepal. Meanwhile, Lise with her background in social sciences is investigating participative research methods. We both share a common conviction: that development has to come from inside the community, and that theatre can help in that regard.

Driven by our aspiration to create a better society, where equality and equity lie as a basis for shared prosperity, we came up with the idea of using theatre as a tool to create a space for discussion and expression, especially with women and children from rural Nepal. Our initial idea was to generate together a safe space for everyone to explore themselves, share stories and try to take a little time to reflect on life. This led us to organize two different sessions: one for women, the other for children and teenagers.

We used different theatre games and activities to establish interpersonal relationships, building trust and creating what we call a safe space. This community engagement is inspired by the Theatre of the Oppressed.





The “*THEATRE OF THE OPPRESSED*” is a form of artistic expression elaborated in the 1970s by the Brazilian artist Augusto Boal. According to him, theatre is a political tool which can be used by everyone, especially the poorest, to claim social justice. This theatre practice is both a theory and a tool for promoting social and political change by using the stage as a reflexive place to engage effective transformations.

हामीले गाँउमा धेरै समय विताएका कारण उहाँहरुको जीवनमा सहभागी हुने तथा यस गाँउको हिस्सा बन्ने अवसर पायौँ । आफ्नो कम्फर्ट जोन बाट बाहिर रहेर हामीले सिरुबारीमा बिताएको समयलाई त्यहाँका बासिन्दाहरुले निकै सकारात्मक तरिकाले स्वीकार गरिदिनु भयो । "तँपाईहरुलाई पहिलो पटक देख्दा अरु टुरिष्टहरु जस्तै तँपाईहरु पनि फेरि फर्केर आउनु हुन्छ भनेर हामीले पत्याएकै थिएनौ । तर अब तँपाईहरु हाम्रो हिस्सा बनिसक्नु भएको छ । हामी तँपाईहरुलाई विश्वास अनि प्रेम गर्छौं ।" दलित समुदायकी एक महिलाले भन्नुभयो । हामीले पनि उहाँहरुसँग निकै गहिरो सम्बन्धको आभाष गरेका छौं । समाजमा विद्यमान पितृसतात्मकता तथा शक्ति संरचनालाई चुनौती दिदैं समतामूलक समाजको निर्माण गर्ने दिशातर्फ अग्रसर हुनका लागि रंगमञ्चले धेरै ठूलो योगदान प्रदान गरेको छ । यहि विश्वास अनि प्रेमको माहोलले गर्दा, हामीले परियोजना सुरु गरेको एक वर्ष पछि बुहारीहरुको समूहसँग मिलेर नाटक निर्माण गर्न हामी सफल भयौँ ।





We again started the process from the basics: listening to the others, collecting stories, exploring one's own body, imitating the different roles in society and turning our attitude into a scenic proposition. Here are some of the tools from our sessions:

यस पटकको कार्यशाला पनि हामीले आधारभूत अभ्यासबाट सुरु गर्‍यौं, जस्तै एक अर्कालाई सुन्ने, कथाहरुको आदान-प्रदान, शारिरीक हाउभाउ, समाजका विभिन्न भूमिकाहरुलाई उतार्ने प्रयास आदि ।

1) Dixit game (Libellud production)

Dixit is a game where abstract images call for imagination and interpretation. Thanks to this game, women were able to write theatre scripts, but also songs and poems. Playing with such poetic cards was a creative way to transcend the simple definitions of justice, violence, education, and poverty, because every card calls for different feeling or understanding.

**१) दिक्षित**

यस अभ्यासको क्रममा विभिन्न अमूर्त तस्वीरहरु लाई आफ्नो कल्पनाशक्तिका आधारमा व्याख्या गर्नु पर्ने हुन्छ। अभ्यासलाई प्रयोग गर्दै जाँदा छलफलहरु बाट गीत अनि कविताहरुको पनि सृजना हुँदै गयो। साथै यिनै अमूर्त तस्वीरहरुको माध्यमबाट हामीले न्याय, हिंसा, शिक्षा अनि गरिबी जस्ता गहन विषयहरुमा धेरै नयाँ अनि नौला आयामहरुको खोजी गर्ने प्रयास पनि गर्‍यौं।













2) Trusting walk and Colombian hypnosis were practiced in the school as it was the only place where we could gather with privacy.
The trusting walk aims at fostering trust within the group. One has to guide another partner that is temporary blindfolded. By this simple practice, participants learn to let go, to listen to their inner intuitions, and to build subconscious solidarity by helping each other.

२) विश्वासको पाइला तथा कोलम्बीयन हिप्नोसीसलाई स्कूलको ग्राउणमा अभ्यास गरिएको थियो । विश्वासको पाईलाद्वारा समूह भित्र एक अर्का प्रति विश्वासको माहोल सृजना हुनका लागि धेरै ठूलो भूमिका खेल्यो । यो अभ्यास जोडिमा गरिन्छ, जहाँ एकजनाको आँखा बन्द हुन्छ र अको जोडिदारले उहाँलाई गाइड गर्नुपर्ने हुन्छ । यो सामान्य अभ्यास भएता पनि, यसले सहभागीहरुलाई आफूभित्रको आवाज सुन्न, आफूलाई स्वतन्त्र छाड्न तथा एक अर्कालाई विश्वास, भरोसा अनि सहयोगको गहिरो भावना सृजना गर्न निकै महत्वपूर्ण भूमिका राख्दछ ।

3)Colombian hypnosis is a drama-based instruction from Boal. One person has to lead another by the hand, eyes open, but the guided person has to focus only on the direction shown by the hand.

This exercise creates feelings and questions the domination process:
How does it feel to be dominated? What happens in our bodies when we are being guided?
On the other hand, what does it feel like to be dominant?
How can we lead someone without saying a word?
What are our intentions when playing with someone?
But also: can we easily obtain docility from someone?
This game fosters thinking about everyday oppression, and gives an opportunity to change our posture from dominated to powerful people.

However, the objective of Columbian hypnosis is not to become an oppressor oneself, of course.
Playing with the ability to direct others opens the mind to body language and our ease in everyday interaction without oppressing the other nor being oppressed.
Domination cannot be only theoretically admitted; it has to be bodily experimented to go beyond simple analysis.
Right after the game, we had a long discussion with the group, as the session was so intense.



३) कोलम्बीयन हिप्नोसिस अगस्तो बोलले प्रतिपादन गर्नु भएको थिचिएकाहरुको रंगमञ्चको अभ्यास हो । यस अभ्यासमा एक सहभागीले अर्का सहभागीलाई आफ्नो हातको प्रयोगले नेतृत्व गर्नुपर्ने हुन्छ भने अर्का सहभागीले त्यो हातको इसारामा चल्नु पर्ने हुन्छ । अरुको प्रभुत्वले दविनुपर्दा कस्तो अनुभव हुन्छ ? साथै अरुमाथी हावीहुँदा कस्तो अनुभव हुन्छ ? कुनै शब्दको प्रयोग बिना पनि कसरी अरुमाथि हावी हुन सक्छ ? के अरु माथि अधिनता जमाउनु सजिलो हुँदो रहेछ अथवा अरुको अधिनमा रहँदा कस्तो अनुभव हुने रहेछ ? यो अभ्यासले यस्तै हामीले प्रत्येक दिन थाहा पाएर अथवा नपाएरै पनि भोग्न परेको दमनका बारेमा सोच्न बाध्य बनाउँछ, साथै दविएको स्थानबाट उठेर आफ्ना लागि शक्ति खोज्ने अवसर पनि प्रदान गर्दछ । यो अभ्यास सकिए लगत्तै हामीबीच कार्यशालामा एउटा लामो छलफल चलेको थियो । छलफलको मुख्य सार अरुलाई पनि दमन नगर्ने अनि आफूपनि दबिएर बस्नु नपर्ने परिस्थितीको सृजना कत्तिको जरुरी रहको छ ! अनि त्यहाँ सम्म कसरी पुग्न सकिन्छ भन्ने थियो ।

During the theatre activities, we spent a lot of time sharing our stories related to giving birth, career opportunities, the burden of children in large families, violence in the public space, lack of education, the problem of alcohol, migration effects, political hypocrisy or contraceptive freedom. All along our work together, the women had to make huge efforts to convince themselves that they do in fact possess knowledge.

Mimes and acting exercises were hugely important in breaking the expected roles of women in a rural society of Nepal, and daring to build another pre-sentation of the self. All the women came to the theatre sessions during a week, with high motivation and regularity. Though they were scarce for time, and though we had to fight to find a place with a minimum of intimacy (without people watching by the window or children asking for their mothers), we finally managed to perform a play. On the last day at 8 am, we all gathered at the picnic spot of Sirubari. One by one, the women arrived with their costumes and we could not believe that they had all managed to come with such strong determination.  This was a great achievement for all of us.



यस कार्यशालाको अवधीहरु हामीले धेरै समय एकअर्काको कथाहरु सुन्ने गर्‍यौँ । पहिलो पटक सन्तानलाई जन्म दिँदाको अनुभव देखी, आफ्ना सपनाहरु, ग्रामीण क्षेत्रको बसाईमा ठूलो परिवार अनि धेरै सन्तानहरुको बास्तबीकता, सार्वजनिक स्थानमा हुने हिंसा, शिक्षाको कमी, रक्सी पिउने समस्या, बसाईसराईले पारेको प्रभाव, राजनैतिक पाखण्डिपना देखि परिवार नियोजनको साधन प्रयोग गर्ने स्वतन्त्रता भए नभए सम्मका धेरै आत्मिय तथा हृदयका नजिक रहेका जीवन भोगाईहरुको साटासाटले यस कार्यशालालाई विशेष बनाएको थियो ।

स्कूल जाने अवसर नपाएको भएता पनि जीवन भोगाईले गर्दा महिलाहरुले धेरै ज्ञान तथा सिपहरु हासिल गर्नु भएको कुरा उहा( ँहरु स्वयमले स्वीकार गर्नका लागि धेरै कठिन थियो । महिलाहरुका निमित्त समाजले बनाएको भूमिक तथा पहिचानलाई चुनौती दिदैँ आफ्ना लागि एउटा नयाँ अनि समान अस्तीत्वको खोजी गर्नका लागि रंगमञ्चले निकै ठूलो भूमिका खेल्न सफल रहेको छ । एक हप्ता लामो यस कार्यशालामा महिलाहरु स्व उत्प्रेरणा तथा नियमितताका साथ उपस्थीत  हुनु भएको थियो । कामको व्यस्तताका कारण समय निकाल्न कठिक हुने तथा कार्यशालाका निम्ति उपयुक्त स्थान भेट्न मुस्कील (झ्यालबाट हेर्ने मानिसहरु भिड अनि आमालाई खोज्दै आउने बच्चाहरु) भएता पनि आखीर हामीले एउटा नाटक निर्माण गर्न सफल भयौँ ।

कार्यशालाको अन्तिम दिन बिहानको ८ बजे, हामी सबैजना पिकनिक खाने ठाउँमा भेला भएका थियौँ । एक-एक गर्दै आफ्नो नाटक प्रस्तुतीमा आवश्यक पर्ने पोशाक तथा सर सामान बोकेर दृढ संकल्पका साथ महिलाहरुलाई त्यहाँ एकक्रित भएको देख्दा हामी सबैजनाले एउटा सुन्दर र शक्तिशाली उपलब्धि हासील गरे का न्यानो अनुभव भएको थियो ।



The play they performed talks about a woman who is afraid of asking her family for permission to train in professional art crafts. Helped by other women, she finally dares and goes to this workshop. The first scene represents women falling down onto the ground, without any consideration from others. The last scene, on the other hand, shows women falling into each other's arms, being supported and loved. This original play from the group also gives a place to the education system, as it fights against violence in public space. The theme of collective effort in respecting the environment was also introduced. All the characters were played by women, and the transgression into men was a climax of achievement, both proud and humorous at the same time. At the end of the play, the women stopped in the middle of the stage, silent, taking a posture representing force. In this particular moment, time stopped for a while to show how far our path had come. By this book, we want to thank one more time all the women who participated in the theatre workshop, trusting us and finally trusting themselves in a unique experience.









एकजना महिला जो सिलाई बुनाईको तालिम गरेर आत्मनिर्भर बन्न चाहन्छिन् तर परिवारसँग खासगरि श्रीमानसँग अनुमती माग्नु पर्ने परिस्थितिसँग जुद्दै गरेकी एक महिलाको वरिपरि यो नाटक घुम्दछ । अरु महिलाहरुको सहयोगले उनि अन्तत तालिम लिनका लागि सफल हुन्छिन् । नाटकको सुरुवाती दृश्यमा महिलाहरु पालै पालो जमिनमा लड्दछन् तर यो कुराल समूहा कसैलाई पनि असर गर्दै । त्यस्तै नाकको अन्तिम दृश्यमा कुनै महिला लड्न लाग्दा उनलाई सबैले प्रेम सहयोग गरेर लड्न दिदैंनन्, बरु एकअर्काका साहारा बन्दछन् । त्यस्तै नाटका समान शिक्षाको महत्व अनि हिंसाको बिरुद्ध पनि आवाज उठाइएको छ । साथै सामूहिक प्रयासले गर्दा आफ्नो समाजलाई आफैले सुधार गर्न सकिने सन्देश पनि बोकेको छ । यस नाटकका सम्पूर्ण चरित्रहरु मात्र महिलाहरुले निभाउनु भएको थियो । सबैभन्दा ठूलो उपलब्धी त जब महिलाहरुले पुरुषको भूमिका निर्वाह गर्नु भएको थियो, तब गर्व अनि हासोको शक्तिशाली माहोल सृजना भएको थियो । नाटकको अन्त्यमा महिलाहरु स्टेजको बिचमा केहि समय स्थिर रहनु हुन्थ्यो, त्यसपछि आफ्नो शारिरीक हाउभाउद्वारा आफूलाई एउटा शक्तिशाली स्वरुपमा परिणत गर्नु हुन्थ्यो । यो दृश्य हेर्नका निम्ति एकछिन समय पनि टक्क अडिएको अनुभव हुन्थ्यो र हामीले सँगै सुरु गरेको अनुभव त्यस क्षण महसुस भएको थियो ।

यस किताब मार्फत हाम्रो कार्यशालामा सहभागी भई एउटा नयाँ यात्रामा सहयात्री बन्नु भएका सम्पूर्ण महिलाहरुलाई हृदय देखी नै धेरै धेरै धन्यवाद भन्न चाहन्छौं ।



# CHAPTER 4

TEENAGERS: FROM CURIOSITY TO LEARNING AND PASSION

अध्याय ४ किशोर-किशोरीहरु : यात्रा 'जिज्ञासा', सिकाई अनि 'समर्पण'को ।



Children from rural villages who study in government schools have limited exposure to extracurricular activities and artistic learnings. We believe that every child needs access to proper learning in order to understand the society they are living in and to compete in today's world.

We wanted to use theatre to develop an artistic, creative learning process where children are able to explore themselves and their skills, to learn and share about their culture and language, to discuss social scenarios, to discuss their responsibilities and duties toward society and their families. We believe that theatre helps to get a bigger insight on gender issues and finally develop leadership, which will eventually help in their overall development. We also discussed and developed several plays which were performed in front of teachers and parents.

Children were not only the performers but they participated actively in developing the story, finding costumes, creating songs and being generally involved in the entire process, after completing their regular household chores and schoolwork. We believe this sparked hope in the children that a world exists beyond their own, and that they always have a chance to learn new skills, dream bigger and work harder to achieve every dream they cultivate.

ग्रामीण भू(भागमा बस्ने तथा विशेषत सरकारी स्कूलमा अध्ययन गर्ने बालबालिक( ाहरुका लागी किताबभन्दा बाहिरका अतिरिक्त कृयाकलापहरु साथै कलात्मक सिकाईका आयामहरु न्यून रहेको पाइन्छ । हामी के कुरामा विश्वास राख्छौँ भने, प्रत्येक बालबालिकाहरुले समान रुपमा उचित शिक्षा हासिल गर्न सके मात्र, आफ्नो वरिपरिको समाज र समग्र देश दुनियालाई बुझ्न सक्दछन् । रंगमञ्चको प्रयोगद्वारा शिक्षालाई कलात्मक र सृजनात्मक ढंगले अघि सार्दै बालबालिकाहरुले आफ्नो क्षमताहरुलाई बुझ्ने, आफ्नो संस्कार, संस्कृति तथा भाषाको आदन प्रदान गर्ने, सामाजिक परिवेशहरुको बारेमा छलफल गर्ने, समाज तथा परिवार प्रतिको आफ्नो उत्तरदायित्वको बारेमा छलफल गर्ने, लैङ्गीक मुद्धाहरुमा खुलेर बहस गर्ने तथा नेतृत्व विकासलाई आत्मासाथ गर्दै बालबालिकाहरुको समग्र विक( ासलाई प्राथमिकता दिने पूर्ण प्रयास गर्‍यौँ । हामीले प्रत्येक कार्यशालाको अन्त्यमा कार्यशालाका सहभागीहरुसँगको छलफलबाट एकएक वटा नाटक तयार पार्‍यौँ र उनीहरुको अभिभावक तथा शिक्षकहरु बिच प्रस्तुत पनि गर्‍यौँ । बालबालिकाहरु त्यस नाटक प्रस्तुतिका कलाकारहरुमात्र थिएनन्, उनीहरु कथाको विषयवस्तु छलफल तथा विस्तार गर्ने प्रकृया, नाटकको क्रमका प्रयोग हुने पोसाकहरु जुटाउन तथा नाटकमा प्रयोग गरिएका कविता, गीतहरु र लोकल बाजाका धुन बजाउने सम्मका सम्पूर्ण कृयाकलापहरुमा उत्साहित सहभागी थिए । बालबालिक( ाहरुले आफूले सधैँ गर्नुपर्ने घरायसी कामकाज तथा स्कूल र स्कूलको हामेवर्क सकेर हाम्रो कार्यशालामा उत्सुकताका साथ सहभागी हुन्थे । हामीलाई पूर्ण विश्वास छ कि, उनीहरुले यस कार्यशालामा सहभागी भएर एउटा नयाँ र फर ाकिलो आयाम भेटेका छन्, जहाँ नयाँ कुरा सिक्न र बुझ्न, ठूलाठूला सपना देख्न र मेहनत गरे जस्तोसुकै सपनाहरु पनि पुरा गर्न सकिन्छ भन्ने जस्ता आशाका किरणहरु मौलाएको छ ।



After reaching our destination, we started by walking around and exploring different places of the village. In Dharu bazar we saw a small school, but it was closed. We went to the village and started meeting with different families. We soon realized that there were many teenagers in the village, but we had not yet figured out how to approach them in order to create a group for the workshop.
The next day, while walking around the village, we saw that the school was open and a lot of kids were there. We went to the school and shared our idea of a theatre workshop with teenagers. After talking and explaining to the principal and teachers that we would like to spend one to two hours with the kids from the school and conduct a theatre workshop, they agreed. A teacher then collected the students from class 8 and told us to ask them if they wanted to be part of our project. We explained to the students about the process and they got super excited and agreed to meet next morning at 7 am.

पहिलो पटक सिरुबारी पुग्दा, गाँउको अवलोकन हाम्रो प्रमुख प्राथमिकता थियो । घुम्दै गर्दा धारु बजारमा हामीले एउटा सानो स्कूल देख्यौं, तर त्यसदिन स्कूल बिदा भएकाले हामीले त्यहाँ कसैलाई पनि भेट्न सकेनौं । त्यसपछि हामी गाँउमा गयौं र त्यहाँका विभिन्न मानिसहरुसँग कुराकानी गर्न थाल्यौं । गाँउको अवलोकन गर्दै गर्दा, हामीले त्यहाँ धेरै बालबालिकाहरु रहेको कुरा थाहा पाईसकेका थियौं । तर कार्यशालालाई कसरी अघि बढाउने र यसकालागी समूह निर्माण कसरी गर्ने भन्ने विषयमा हामीले ठोस निर्णय गरिसकेका थिएनौं । भोलिपल्ट हामी फेरि गाँउ घुम्न निस्कियौं, त्यसदिन स्कूल खुल्ला थियो र त्यहाँ धेरै विद्यार्थीहरु पनि थिए । हाम्रो कार्यशालाको लागी स्कूल सबैभन्दा उपयुक्त स्थान हुन सक्थ्यो, त्यसैले हामी स्कूल भित्र गयौं र हामीले गर्न खोजेको रंगमञ्चिय कार्यशालाको बारेमा शिक्षकहरुसँग छलफल गर्ने निधो गऱ्यौं । स्कूलको प्रिन्सिपल म्याडम र अन्य शिक्षकहरु सँग केहीबेर कुराकानी, छलफल अनि हामी स्कूलका विद्यार्थीहरुसँग मिलेर दिनको एकदेखि दुई घण्टासम्मको रंगमञ्चसँग सम्बन्धित रचनात्मक तथा सृजनात्मक कार्यशाला गर्न चाहन्छौं भन्दै यस सम्बन्धीत सम्पूर्ण आयामहरु बिस्तृत रुपमा बेलिबिस्तार लगाएपछि अन्तत उहाँहरु राजी हुनुभयो । त्यसपछि प्रिसिपल म्याडमले कक्षा ८ मा पढ्दै गरेका बच्चाहरुलाई कक्षामा भेला गरिदिनु भयो र हाम्रो उदेश्यको बारेमा उनीहरुलाई अवगत गराउन आग्रह गर्नुभयो । साथै यदि उनीहरु यस कार्यशालामा सहभागी हुन चाहन्छन् भने स्कूलले कार्यशाला संचलान गर्नका निम्ति स्थान प्रदान गरेर सहयोग गर्ने कुरा जाहेर गर्नु भयो । हामीले यस कार्यशालाका बारेमा र यस दौरान हामीले गर्ने कृयाकलापहरुको बारेमा छोटो छलफल गऱ्यौं । बालबालिकाहरु यस कार्यशालामा सहभागी हुनका निम्ति निकै उत्साहित देखिन्थे र सबैजनाको आपसी समझदारीमा भोली विहान ७ बजे स्कूलमा भेट्ने समय पनि विद्यार्थीहरु स्वयमले नै तय गरे ।

We were excited too, because our idea was at last turning into reality. We got up early, got dressed and reached the school before 7 am. We didn't have the keys of the school so we waited outside the gate. 7 quickly became 7:30, but not a single kid showed up to the school. We started to think we would be alone. But after few minutes, we saw kids coming, running through the hills. What a beautiful feeling that was. The teacher had left the key with one of the students to provide it to us. We went inside the school and started with a few kids. Later, others joined and after an hour we had a room full of curious, energetic and lovely students. The next mornings, the kids did not wait for us to enter the school, they directly climbed over the walls to get in.




हामीहरु पनि उत्तिकै उत्साहित थियौ, किनभने कुनैबेला हाम्रो दिमागभित्र रहेको एउटा सानो अवधारणा अब यथार्थमा परिणत हुदैं थियो । भोलिपल्ट हामी बिहानै उठ्यौ, तयार भयौं र बिहानको ७ बज्नु भन्दा पहिलेनै स्कूल पुग्यौं । हामीसँग स्कूलको गेटमा लगाइएको तालाको साँचो थिएन । त्यसैले हामी गेटको बाहिर नै कुरेर बसि रह्यौं । सात बज्यो, साढें सात पनि बज्यो तर स्कूलमा एकजना पनि विद्यार्थी आएनन् । भित्र मनमा कता-कता, आउँदैनन् कि ! जस्तो पनि लाग्यो । हामी कुरेर बसि रह्यौं । केहि समय पछि परको डाँडाबाट केहि विद्यार्थीहरु दौड्दै आईरहेका देख्दा मन निकै आनन्दित भएको थियो । स्कूलको साँचो शिक्षकले एकजना विद्यार्थीसँग छोडिदिनु भएको रहेछ । हामी स्कूल भित्र गयौ ँ र उपस्थित भएका थोरै बालबालिकाहरुसँग कार्यशाला सुरु गर्‍यौं । बिस्तारै अरु विद्यार्थीहरु पनि आउदैं गए, र करिब १ घण्टा भित्र हाम्रो पुरा कक्षाकोठा उत्सुक, फूर्तिला अनि प्यारा प्यारा विद्यार्थीहरुबाट भरिएको थियो । अर्को बिहानी देखी त विद्यार्थीहरु हामी स्कूल पुगेर गेट खोल्ने समयसम्मको प्रतिक्षा पनि गर्दैनथे । पहिले नै पर्खाल नाघेर, स्कूल भित्र पुगेर हामीलाई पर्खिरहेका हुन्थे ।

It was a journey that started with curiosity. Slowly, when they started to feel part of the process, we had such a huge group of teenagers that it got harder and harder to manage them. We stuck to one group of fifteen students for the production of the play and brought the other interested kids in the musical and singing parts. There were moments of surprise when we realized how talented the kids were, and we started to feel more and more responsible in bringing forward this new approach to creative learning. Together, we participated in various activities such as writing poems and songs, drawing, meditation, discussing social structure, society, responsibilities, understanding gender issues, discussing their hopes and dreams.

यो एउटा उत्सुकताबाट सुरु भएको यात्रा थियो । बिस्तारै जब विद्यार्थीहरु यस कार्यशालाका क्रियाकलापहरुमा भिज्दै जान थाले, हामीसँग बालबालिकाहरुको निकै ठूलो समूह बनिसकेका थियो र यति ठूलो समूहलाई सम्हाल्न कठिनाइहरु सुरु हुन थालेको थियो । त्यसैले हामीले के गऱ्यौँ भने, नाटक निर्माणको निम्ति हामीसँग पहिलो दिन देखि निरन्तर जोडिएका १५ जना विद्यार्थीहरुको एउटा समूह छुट्यायौं र बाँकि रहेका अन्य उत्सुक विद्यार्थीहरुलाई नाटकको क्रममा आवश्यक पर्ने संगीत तथा गीतको निमार्ण टोलीमा राख्यौं । सँगै काम गर्दै जाँदा यहाँका बालबालिकाहरुको प्रतिभाले हामीलाई आश्चर्य चकित बनाउँदै लग्यो र हामी कलात्मक सिकाइका आयामहरुलाई अझ बलियोसँग अगाडी सार्नुपर्छ भन्ने कुरामा जिम्मेवार महसुस गर्न थाल्यौँ । रंगमञ्चका केहि क्रियाकलापहरु तथा अन्य खेलहरुको प्रयोगसँगै हामीले कविता लेखन, गीत लेखन, चित्रकला, ध्यान लगायत सामाजिक संरचनाहरु, समाज प्रतिको दायित्हरु, लैङ्गिक मुद्दाहरुमा बहस लगायत विद्यार्थीहरुको सपना, आशाहरु अनि विभिन्न कथाहरुमा पनि काम गऱ्यौँ ।



Here we want to share some of our activities constituting the toolbox of the final play:
हामीले प्रयोग गरेका केहि कृयाकलापहरु यहाँ प्रस्तुत गरिएको छ :

1) The clock exercise
The clock exercise invites teenagers to detail their everyday life, from morning to evening. The clocks were shared with everyone, so we could collectively discuss and attest how different schedules can be according to our social roles (according to the place of living, castes or gender).
The clock is an original narration for exploring the weight of social structures. Though this activity is mainly used to create a debate and express one's vision of life, clocks are also used to enter the acting process. Indeed, after drawing one's own clock, every participant has to give his or her paper to someone else. This new person has to interpret the clock with mimes and only through body language. By then, one can attest and discover how much everyday life differs according to class, gender and caste.

१. घडिको अभ्यास
घडिको अभ्यास मार्फत विद्यार्थीहरुले आफूले विहान देखि बेलुका सम्म गने सबै कामकुराहरुलाई नियाल्ने मौका पाए । सबैजनाले आफ्नो घडि बनाइ सकेपछि हामीले सामूहिक रुपमा सबै घडिहरु माथि छलफल गर्‍यौं । छलफलको क्रममा अलग अलग जात, लिङ्ग अनि फरक स्थानमा बस्ने समान उमेर समूहका बालबालिकाहरुको दैनीकीमा पनि कति धेरै अन्तर हुन सक्दो रहेछ भन्ने कुरा थाहा भयो । यस घडिको अभ्यासले हामीहरु सबैजनालाई सामाजिक संरचनाहरु बुझ्नको लागि धेरै मद्दत गर्‍यो । हुन त यस अभ्यासले हामीलाई लैङ्गिक विभेदता तथा जातिय स्तरका कारण समाजमा उत्पन्न हुने विभिन्न आयामहरुको बारेमा बहस गर्न उत्सुक बनायो, यसका साथ साथै हामीले यसलाई एक्टिङ्गको प्रकृयामा पस्नका लागि पनि प्रयोग गर्‍यौं । हामीले सबैको घडिलाई एकै ठाउँमा जम्मा गर्‍यौं र यसलाई अलग अलग विद्यार्थीहरुलाई बाड्यौं । विद्यार्थीहरुले आफूले पाएको नयाँ घडिमा लेखिएका कृयाकलापहरुलाई माइम तथा शारिरीक हाउभाउ प्रयोग गरेर सबैको बीचमा प्रस्तुत गरे।।



2) Creative line

The same activity is possible with the creative "line of life". One has to draw a line (or a circle if reincarnation is needed). The line must start with a concrete memory, and continue with projections of your future. Here, it was surprising to see that girls could plan their early future with ambition (being first in class for example), but could not imagine anything after school except marriage and death. Though they are young, strong differences appear as social gaps and this exercise allows teenagers to see that opportunities in life have to be invented. Moreover, on many lines, the participants started by writing what society expects them to be ('I want to be married at 25' for a boy for example), and then crossed out their line to write something else. The creative line relies on a double process of consciousness: one attesting that we have social obligations and rules; the other one attesting that another future is possible. The clock and line exercises were an important basis for inspiring the social issues and script for our theatre production.

२. रचनात्मक घेरा

यस अभ्यासको क्रममा पहिला विद्यार्थीहरुले एउटा लाइन बनाउनु पर्थ्यो, जसको सुरुवात बालापनको कुनै ठोस यादहरुबाट गर्नु पर्थ्यो भने त्यसपछि जिवनमा घट्दै गएका महत्वपूर्ण घटनाहरुलाई समेट्दै अघि बढ्ने र आफ्नो भविष्यमा आफूले देखेका सपनाहरुलाई पनि समेट्नु पर्ने थियो । यो अभ्यास गर्दै जाँदा हामीले के थाहा पायौं भने छात्राहरुले आफ्नो स्कूले जिवनमा स्कूलको पहिलो हुने, पढाइमा सबैभन्दा राम्रो हुने जस्ता सपनाहरु बोकेको पाइएता पनि स्कूल सकिएपछि विवाह र मृत्यु बाहेक अरु कुनै पनि सपना तथा लक्ष्य राख्न नसकेको यथार्थले हामीलाई आश्चर्य चकित तुल्यायो । बालबालिकाहरु साना भएता पनि छात्र तथा छात्रा बिच अहिले देखि नै समाजले सृजना गरेको एउटा ठूलो भिन्नता देख्न सकिन्छ । यो अभ्यास गर्दै जाँदा विद्यार्थीहरुले चाहे जुनसुकै लिङ्ग तथा जातीको भएता पनि जिवनमा कहिल्यै पनि सपना देख्न छाड्नु हुँदैन र आफ्नो लागि नयाँ अवसरहरुको सृजना गर्दै जानु पर्छ जस्ता गहकिला विषयहरुमा छलफल तथा बहसमा सहभागी भए । त्यस्तै धेरै घेरा हरुमा विद्यार्थीले पहिले कुन उमेर समूहमा समाजले के कार्य गर्न उचित ठानेर तोकेको छ त्यस कुरालाई प्राथमिकता दिँदै केहि लेखेको पाइन्थ्यो, जस्तै उदाहरणको लागि कुनै छात्रले म २५ वर्षको हुँदा बिहे गर्न चाहन्छु भनेर लेखेता पनि पछि त्यसलाई काटेर आफूले आफ्नो लागि देखेको सपनाहरुलाई प्राथमिकता दिएको पाइयो ।

हामीले यो रचनात्मक घेराको क्रियाकलाप गर्दै गर्दा, यसलाई दुई वटा चेतनाको धारले डोऱ्यायको पायौं । पहिलो- समाजले तोकेको नियम तथा कार्यहरु अनि दास्रो- आफूले आफ्नो लागी निर्माण गर्न चाहेको भविष्य ।

घडिको अभ्यास तथा रचनात्मक घेरा, यि दुबै अभ्यासहरुले हामीलाई सामाजिक मुद्दाहरुको बारेमा बुझ्न तथा हामीले तयार गर्ने नाटकका लागी आवश्यक पर्ने कथा निर्माणको एउटा बलियो जगको निर्माण गरेको थियो ।





## 3) Mental maps ३ मानसिक नक्सा










BENCH



Drawing one's own village is also important to realise how space is shared by individuals. Children showed us the places that matter in their lives and why. Inspired by this artistic expression, we drew a connection between Sirubari's government school and Echirolle's public school of Grenoble (France) with teenagers from the same age. This was an occasion for both sides to share their views and present themselves in a way that is new and free of judgement.

आफ्नो गाँउको नक्सा आफैले बनाउदै जाँदा, प्रत्येक व्यक्तिले आफ्नो गाँउलाई कसरी बुझ्केको छ भन्ने कुरा प्रष्ट हुँदै जान्छ । बालबालिकाहरुले उनिहरुलाई आफ्नो गाँउको सबैभन्दा मनपर्ने ठाउँ कुन हो ? र त्यो स्थान किन महत्वपूर्ण छ भन्ने विषयमा छलफल गरे । उनीहरुको यस कला(त्मक अभिव्यक्तिबाट प्रभावित भएर हामीले सिरुबारीका सरकारी स्कूलमा अरध्ययनरत विद्यार्थीहरु तथा फ्रान्सको ग्रीनोब भन्ने ठाउँको इकिरोल्स सामुदायिक विद्यालयमा अध्ययनरत समान उमेर समूहका विद्यार्थीहरु बिच उनीहरुले बनाएका चित्रहरुको आदान प्रदान गरि दुई अलग अलग देशमा अध्ययन गरिरहेका विद्यार्थीहरु बिच सम्बन्ध तथा सहकार्यको सकारात्मक पहल गऱ्यौं ।






4) Meditation and poems
Through meditation time, teenagers could focus on their experiences and feelings. Meditation helps to center oneself and find deep emotions that we want to share within the group.

Here is a poem that followed a meditation process. It is written by an 11 year-old girl from a lower caste :

४. ध्यान तथा कविता कार्यशाला
सामान्य ध्यानको प्रकृयामा विद्यार्थीहरुलाई सहभागी गराउँदा उनीहरु आफ्नो भावना तथा अनुभवहरुमा अझ एकाग्र भएको पाउन सकिन्थ्यो । यस प्रकृयाले आफूलाई राम्रोसँग बुझ्न तथा आफ्ना भावनाहरुको गहिराई पत्ता लगाई त्यस गहिराईको अनुभवलाई सहपाठीहरुसँग बाड्नका लागि पनि धेरै मद्दत गर्‍यो ।



<u>*Poem by a teenager that became the cornerstone of the play :*</u>

« If I could get the colors of flowers

I could get all the beauty of flowers

When flowers smile, I also want to smile, just like them

As a butterfly gathers nectar, I also want to enjoy nectar,
like the butterfly

I have a lot of dreams, difficulties too

I have no one to support me, life is not easy

I can fall but I am not tired

Whatever happens in my life, I will never lose hope

Because I can fall but I will never stop making a step forward »



<u>एक छात्राले लेखेको कविता</u>

यो फूलको रंग जस्तै
यदि मेरो पनि रंग भैदिएको भए,
म पनि यो फूल जस्तै
मगमगाउने थिए होला ।

जब यो फूल हाँस्छ,
मलाई पनि त्यसरी नै हाँस्न मन लाग्छ,
जब यो फूलमा पुतली भुल्छ,
मलाई पनि त्यसरी नै भूल्न मन लाग्छ ।

सपना धेरै छन्, अफठ्यारो पनि,
साथ कसैको छैन, बाटो सजिलो पनि होईन,
लड्न सक्छु जरुर, थाकेको चाँही छैन,
जीन्दगीमा जे परोस, हार चाँही मान्दिन
लड्न सक्छु, पाइला चाल्न छाड्दिन ।

फूलको फूल झरेपनि, काँडा झर्दैन
म मरे पनि मेरो सपना मर्दैन ।

5) Dixit game (cf women's session)

५. दिक्षित

महिलाहरुको कार्यशालामा व्याख्या गरिएको छ।





6) Mime

Through the mime process, kids learn to express a wide range of emotions. They find by themselves how to imitate social stereotypes, a necessary step to enter the acting process.



६. एक्टिङ्ग

यस कृयाकलाप अन्तरगत विद्यार्थीहरुले कसरी शारिरीक हाउभाउद्वारा अभिव्यक्तिहरु प्रस्तुत गर्न सकिन्छ भन्ने बारे सिके। हामी के कुरामा विश्वास गर्दछौं भने समाजमा रहेका विभिन्न चरित्रहरुलाई उतार्न सक्नु तथा समाजमा विद्यमान विभिन्न सम्बन्धहरुलाई बुझ्दै जाँदा एउटा राम्रो अभिनेताको जन्म हुन सक्दछ र बालबालिकाहरुको यहि प्रतिभा तथा खुबिको सदुपयोग गर्दै हामी नाटक निर्माण गर्ने प्रकृयामा अग्रसर थियौं ।





The Children were curious to learn and explore these different perspectives. It was a new and exciting approach, so everyone wanted to join in. But as this project took place in a rural area, the children did not have the privilege of just coming to learn. After completing their assigned household chores, working in the field, cutting grass for the cattle, bringing wood for cooking and looking after their siblings, some of them still found it hard to get permission, as their parents considered it useless to go to school to learn something that is not in the curriculum and especially won't appear in the exam.

We personally met with some parents to discuss what we were doing and what their children were learning in their spare time beside school. We were also working with women from the "mother" group, and once we managed to convince them that it was a creative learning process, it was a huge support for kids in convincing their own families to let them be part of our journey. By the third time we went to the village, almost all parents were interested in sending their kids to our theatre sessions, almost every kid knew about our program and wanted to be part of it.



बालबालिकाहरु ज्ञानका नयाँ आयाम खोज्न तथा बुझ्न उत्साहित थिए । यो रंगमञ्चिय कार्यशाला, सिक्ने तथा बुझ्ने नयाँ अनि उत्साहले भरिपूर्ण अवसर थियो । त्यसैले प्राय सबै बालबालिकाहरु यसमा सामेल हुन चाहन्थे । हामीले यो परियोजना नेपालको ग्रामीण भेगमा रहेको गाँउमा गरेका थियौँ । त्यहाँका बालबालिकाहरुको लागी यो कार्यशालासम्म आईपुग्नु त्यति सजिलो भने थिएन । उनीहरुले आफूले घरमा दैनिक गर्नुपने घरायसी कामहरु सक्नुपर्थ्यो, खेतबारीको काम, गाईवस्तुका लागि घाँस, खाना बनाउनका लागि दाउरा खोजेर ल्याउनु पर्थ्यो, साथै आफूभन्दा साना भाई बहिनीहरुको ख्याल राख्ने देखि कति विद्यार्थीहरुलाई अभिभावकबाट स्विकृती पाउन नै कठिन थियो, किनकि कति अभिभावकहरुले स्कूलको पाठ्य पुस्तकमा नभएको कुरा अनि स्कूलको परिक्षामा नआउने कुरा सिक्न जरुरी नरहेको दाबी गर्नुहुन्थ्यो । हामीले केहि यस्तै अभिभावकहरुसँग भेट्यौँ र बालबालिकाहरुले स्कूलको शिक्षा सँगसँगै हामीले गराएको कार्यशालामा सिक्न पाउने नयाँ तथा आवश्यक ज्ञानहरुको बारेमा उहाँहरुलाई बेलिविस्तार लगायौँ । साथै, हामीले आमा समूहहरुसँग पनि रंगमञ्चको कार्यशाला गरिरहेका थियौँ, आमाहरुलाई यो कार्यशालाको प्रभावकारीताको बारेमा विश्वास भइ सकेपछि विद्यार्थीहरुलाई, आफ्नो परिवारलाई यस कार्यशालामा सहभागी हुनका निम्ति मनाउन सजिलो भयो । हामीहरु तीन पटक सम्म अलग अलग समयमा यस परियोजनासँगै त्यस गाँउमा गएका थियौँ र हाम्रो तेस्रो यात्रा सम्ममा करिब करिब सबै अभिभावकहरु आफ्ना बच्चाहरुलाई हाम्रो कार्यशालामा पठाउन चाहनु हुन्थ्यो र करिब करिब सबै विद्यार्थीहरु यस कार्यशामा सहभागी हुन चाहन्थ्ये ।



It was, however, a true rollercoaster ride. Most of the time, we couldn't conduct the sessions on time, because the kids couldn't come until they had completed their household chores, and sometimes they were busy taking care of their siblings. It was overwhelming at times to see them carrying their little brothers and sisters on their backs while actively participating in the sessions. Sometimes it was difficult to break the gender barriers during the sessions.
They didn't want to hold hands with someone of the opposite sex for example, and female teenagers often had to use louder voices to make their voice heard, as male teenagers were not ready to hear them. Maintaining discipline during and after the sessions was a major challenge.
The society we are part of leaves a mark on every person. We understood that these teenagers were taking part in a totally new approach, so we accepted that it takes time to adjust to a new structure. Sometimes, the lack of concentration due to external glances on the classroom where we were doing theatre led us to use an alternative space for practicing. An isolated, open space with a picnic spot in the heights of the village.



यो हाम्रो लागि निकै उतारचढावले भरिएको यात्रा थियो । धेरै समय हामी हाम्रो कार्यशाला समयमा सुरु गर्न सक्दैनथ्यौं किनभने बालबालिकाहरुले आफ्नो घरायसी कामकाजहरु नसिद्धायसम्म कार्यशालामा सहभागी हुने अनुमति परिवारबाट पाउँदैन थिए भने कहिलेकाहिँ साना भाइ बहिनीहरुको हेरचाह गर्नका निम्ति घरमा नै बस्नु पर्ने हुन्थ्यो । कहिले त उनीहरु साना भाईबहिनीहरुलाई ढाडमा बोकेर अथवा उनीहरुको हात समातेर सँगै लिएर आउथे अनि एकदम फूर्ति र उत्सुकताका साथ कार्यशामा सहभागी हुन्थे । यो देख्दा हामी भावनाको गहिराई सम्म पुगेर विद्यार्थीहरु प्रति असिम माया तथा सम्मानको अनुभव गर्‍यौं । कुनै बेला समाजले निर्माण गरे को सामाजिक तथा लैङ्गीक विभेदहरुलाई चिर्न मुस्किल पर्‍यो । जस्तै उदाहरणका लागी कार्यशालाको दौरानमा केहि कृयाकलापहरु गर्दै जाँदा यदि कोहि केटाले केटीको अथवा केटीले केटाको हात समाउनु पर्ने भयो भने, कोही पनि त्यो गर्न मान्दैनथे । कोही त सँगै उभिन सम्म पनि मान्दै नथे । छात्राहरुले आफूलाई भन्न मन लागेका कुराहरु सुनाउनका निम्ति ठूलो आवाजको प्रयोग गर्नुपर्ने हुन्थयो किनभने छात्रहरु उनीहरुको कुरा सुन्नै चाहदैन थिए । साथसाथै कार्यशलाको दौरान तथा कार्यशाला सकिसके पछि पनि अनुशासनलाई कायम राख्नु हाम्रा लागि निकै ठूलो चुनौती बने को थियो ।

कुनै पनि समाजको छाप तथा प्रतिछाँया त्यस समाजका बच्चाहरुमा प्रष्ट रुपमा बसेको हुन्छ । त्यसैले बालबालिकाहरुसँग काम गर्दै जाँदा हामीले त्यस समाजमा रहेका विभिन्न आयामहरुका बारेमा पनि थाहा पाउन सक्छौं । हामी राम्रोसँग बुभ्दछौं कि बालबालिकाहरुको लागी यो कार्यशाला एउटा नयाँ प्रयोग थियो, र कुनै पनि नयाँ ढाँचामा आफूलाई उतार्नका निम्ति समय लाग्दछ । कहिले काहि एकाग्रता तथा नयाँ आयाम अनि सम्ब( न्धका खोजिका निम्ति हामीहरु स्कूलभन्दा बाहिर पनि कार्यशालालाई अघि बढाउँथ्यौं । हामी प्राय पिकनिक स्पोटमा जान्थ्यौं, जुन गाँउभन्दा अलिकति माथि डाँडामा थियो, साथै यो स्थान शान्त र खुल्ला पनि थियो ।



From April 2018 to March 2019 we proposed three different theatre sessions. Each of the workshops ran during ten days. Children were not only the performers but were active participants in developing the story, finding costumes, creating new songs, poems, arranging props and also creating local music. Once the general script was written, teenagers invented and improvised all the dialogues of the play. As such, every rehearsal was a way of improving the strength of the characters, inviting realism onto the stage.

Interested by our work, two Rock'n wood NGO volunteers came to capture our process.
The short movie is available here: https://www.youtube.com/watch?v=J6wYLmGCnpY

अप्रिल २०१७ देखी मार्च २०१८ सम्ममा तीन वटा अलग अलग यात्राको क्रममा, प्रत्येक पटक करिब १० दिनको रंगमञ्चीय कार्यशाला सकिएपछि हामीले ३ वटा नाटकहरु तयार पारेका छौँ । बालबालिकाहरु यस नाटकका कलाकारहरु मात्र थिएनन्, उनीहरु कथा निर्माण देखी, चरित्रहरुलाई चाहिने कपडा, नाटकको क्रममा प्रयोग भएका गीतहरुको सृजना तथा स्थानिय बाजाहरुको प्रयोग जस्ता सबै कार्यहरुमा सहभागी थिए । हामीले कथा निर्माण गरिसकेपछि, बालबालिकाहरुले आफ्नो चरित्रलाई उपयुक्त हुने संवादहरु पनि आफैले सृजना गरेका थिए । यसरी हामीले गरेका प्रत्येक रिहर्सलले चरित्र निर्माण तथा नाटकलाई सशक्त बनाउँदै लगेको थियो । हाम्रो यस परियोजना प्रति उत्साहित हुदैँ “रक एण्ड उड” नामक एक एन.जि.ओ. बाट दुई जना भोलेन्टीयरहरु आएर यस कायशालाहरुलाई एउटा डकुमेन्ट्रिमा परिणत गरिदिनु भएको छ । यो भिडियो
https://www.youtube.com/watch?v=jbwllmGcnp4 मा भेट्न सकिन्छ ।





## PLAY 1- APRIL 2017

A play was created after a week-long theatre workshop. The play was prepared in collaboration with the students. The story was generated from within the group and was presented to the parents and teachers inside school premises. The story focused mainly on the importance of education, equally for both girls and boys, and told how a girl child can also contribute toward the welfare of her family thanks to her mind.
In the play, a girl from a poor family manages to save her father from a financial trick because she knows how to read. Then, her parents became convinced that she must follow her studies. This play invokes the solidarity between husband and wife and also talks about taboos like menstruation.



नाटक १, अप्रिल २०१७

यो नाटक करिब १ हप्ता लामो कार्यशाला पछि तयार पारिएको थियो। नाटकका लागी कथा समूह भित्रैबाट तय गरिएको थियो र यसलाई अभिभावक तथा शिक्षकहरुमा माझ स्कूलको प्रांगणमा प्रस्तुत गरिएको थियो। नाटकको कथा विशेषत छोरा र छोरी दुबैलाई समान शिक्षाको महत्व अनि अवसर पाए, छोरीहरुले पनि आफ्नो समाज तथा परिवारको भलाइका लागी कार्य गर्न सक्दछन् भन्ने थियो। यस नाटकमा छोरीले राम्रोसँग पढ्न लेख्न जानेको कारण आफ्नो बुवालाई नराम्रोसँग ठगीनबाट बचाउन सफल हुन्छिन्। यसले गर्दा उसका आमा बुवा पनि अब छोरीलाई पढाउनु पर्छ भन्ने कुरामा सहमत हुन्छन्। साथै यो नाटकमा श्रीमान श्रीमती बिच कस्तो सम्बन्ध हुन जरुरी छ अनि समाजमा रहेका महिनावारी सम्बन्धी नराम्रा  अवधारणाहरुलाई पनि चुनौती दिएको पाउन सकिन्छ।





## PLAY 2- OCTOBER 2017

The kids were even more excited and participative this time, as it was their second experience of performing a play. Each kid wanted to perform or at least to participate in the group.
This was a big achievement for us, as it meant we had lit a spark of group work, creativity, discipline and passion to learn inside them.

After 10 days of workshop using tools from Theatre of the Oppressed, we gathered all the different topics that had emerged from the teenagers along this session, and turned it into a play. While the global synopsis was written by Pariksha, the dialogues were written by the teenagers themselves.

Improvisation and rehearsal were important parts of our process: through them kids could find what they wanted to say in order to change their society. The play was about a girl who wanted to study and become a school teacher, but her parents wanted her to get married at an early age.
The first act showed her struggle with her family, her society and with herself. It portrayed her inner strength and how she overcame the difficult situation by the use of her knowledge and strong determination. The play also discussed the sexual harassment that happens in Nepal and how important it is to raise voices against it.

In this play, some girls played the part of men and vice versa, which was an enriching perspective to discuss normative gender roles. We were astonished to see that boys and girls knew exactly how to imitate each other. Theatre demonstrates that every society relies on specific constricted roles that can also be subverted by playing new roles. We performed this show in the Touristic hall in the Gurung village.



नाटक २ - अक्टोबर २०१७

बालबालिकाहरुका निम्ति, नाटक प्रस्तुतिको यो दोस्रो अनुभव रहेका थियो । त्यसैले पनि होला यो पटक उनीहरु अझ बढि उत्साहित र धेरै भन्दा धेरै सहभागीता जनाउन चाहन्थ्ये । प्राय प्रत्येक विद्यार्थी नाटकको हिस्सा बन्न चाहन्थ्ये अथवा कुनै न कुनै माध्यमबाट कार्यशालामा सहभागी हुन चाहन्थ्ये । यो हाम्रो लागि सफलता पनि थियो किनभने हामीले विद्यार्थीहरु भित्र सामूहिक कार्य, रचनात्मकता, सृजनात्मकता, सृजनशीलता, अनुशासन तथा समर्पणको भावनाहरुलाई जगाउन सफल भएका थियौं ।
नाटकको कथा एक बालिकाको वरपरि निहित रहेर निर्माण गरिएको छ । उनी धेरै पढेर स्कूलको शिक्षिका बन्न चाहन्छिन् तर उनको अभिभावक सानै उमेरमा उनको विवाह गरिदिन चाहन्छन् । नाटकले परिवार, समाज तथा उनी आफैभित्र चलिरहेको द्वन्दलाई दर्शाएको छ । यस नाटक प्रस्तुतीमा, उनले आफ्नो क्षमता, ज्ञान तथ संकल्पको सहि उपयोग गरेर धेरै अप्ठ्यारो परिस्थितिहरुबाट बाहिर निस्किन सफल हुन्छिन् । साथै यस नाटकले समाजमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा हुने लैङ्गिक हिंसा र यस्ता घटनाहरु विरुद्ध सशक्त आवाज उठाउन जरुरी रहेको कुरालाई पनि दर्शाएको पाइन्छ । नाटकको चरित्र निभाउने क्रममा, केहि महिला पात्रहरुले निकै अब्बल तरिकाले पुरुष पात्रका चरित्रहरु पनि निभाएका छन् ।
यो नाटक हामीले गुरुङ्ग गाँउमा रहेको टुरिस्ट हलमा प्रस्तुत गरेका थियौं ।






adidas





« In the play, we explain that society should end discrimination between boys and girls in a family.

- Also we should not force girls to be married early.

- Yes they should be free to study »

*Words collected by the four main actresses of the play, October 2017*



**नाटकका ४ मुख्य पात्रहरुको नाटक सम्बन्धित भनाईहरु**

यस नाटकमा हामीले समाजमा हुने छोरा र छोरी बिचको भेदभावलाई अन्त्य गर्नुपर्छ भन्ने कुराको व्याख्या गरेका छौं ।

हामीले छोरीहरुलाई सानै उमेरमा विवाह गर्नका निम्ति दबाब दिनु हुदैंन ।

हो, पढ्नका लागि सबै जना स्वतन्त्र हुनु पर्दछ ।












*Play 3- March 2018*

With the previous theatre sessions, we noticed that children were hugely impressed with every character we had created collectively. Amazingly, they could remember every song and poem they had written to perform them.We realized that these characters had become dreams that they looked up to. With this in mind, we decided to articulate the third play around an international story, adapting it to Nepali society. We used one small story by Anton Chekhov, a Russian playwright, and created characters such as doctors and nurses, lawyers, film stars, teachers and film directors, etc.  Kids enjoyed every character and we were attentive to mix genders as well as the caste roles (the lawyer is a woman for instance, the film star is from a low caste). This play is based on a trickery, whereby a doctor is comically duped by a modest girl.

It brings a humorous touch to the supposed ignorance of peasants compared to the educated classes. Adapted to the Nepali context, this theatre proposition dealt with discriminations between the rural and urban ways of life. At the end of the play, we celebrated our performance together by dancing and shouting. In spite of the rain and the relatively small attendance during the representation, the teenagers were immensely proud of their achievement and wanted to express their full joy, fostered by the feeling of being a community of artists.

नाटक ३, मार्च २०१८

बालबालिकाहरुसँग यो हाम्रो तेस्रो नाटक प्रस्तुति थियो । त्यसैले यस पटक हामीले कुनै अन्तराष्ट्रिय कथा लिएर त्यसलाई नेपाली समाजमा रुपान्तरण गर्ने प्रयास गर्‍यौँ । हामीले हाम्रो पहिलेका कामहरुबाट एउटा निकै महत्वपूर्ण कुरा सिकेका थियौँ । हामीले नाटक निर्माण गर्दा सृजना गरेका प्रत्येक चरित्रहरु प्रति बालबालिकाहरु निकै प्रभावित भएको पायौँ र यि चरित्रहरु उनीहरुले देख्ने सपना अनि आशाका केन्द्रविन्दु बन्दै गएको कुरा हामीले महसुस गर्‍यौँ । साथै पहिलो नाटक देखी अहिले तेस्रो नाटक सम्ममा हामीले प्रयोग गरेका सबै गीत र कविताहरु प्राय गाँउका प्रत्येक बालबालिकाहरुलाई याद रहेको पाँउदा अझ बढि जिम्मेवारी बोध भयो ।
त्यसैले यस पटकको नाटकका लागी हामीले समाजका महत्वपूर्ण तथा बुद्धिजिवी व्यक्तिहरु जस्तै डाक्टर, नर्स, वकिल, फिल्मको सुपरस्टार, शिक्षक, फिल्म डाइरेक्टर, पत्रकार जस्ता विभिन्न चरित्रहरुको निर्माण गर्‍यौँ । यसका लागी हामीले रसियाका नाटककार एनटोन चेकभको एउटा सानो कथालाई लियौँ र यसमा केहि नेपाली परिवेश सामेल गर्‍यौँ । चरित्रहरुको विभाजन गर्दा हामीले महिला र पुरुष बिच मुख्य चरित्रहरुको सन्तुलन कायम गर्ने कोशिस गर्‍यौँ । जस्तै डाक्टरको चरित्र छात्र निभाईरहेका थिए भने वकिलको चरित्र एक छात्रा निभाई रहेकी थिइन् । नाटको अन्त्यमा सबै सहभागीहरु मिलेर नाच्ने अनि गाउने गरेर रमाइलोका साथ समापन गर्‍यौँ । हामीले नाटक प्रस्तुत गर्दै गर्दा पानी परिरहेको थियो, साथै हेर्ने दर्शकहरुको कमी भएता पनि  बालबालिकाहरु आफ्नो काम देखेर निकै गर्व महसुस गरिरहेका थिए र हामी सबैजना मिलेर यो खुसी, गर्व अनि सफलतालाई कलाकारहरुको समूहको रुपमा एकसाथ सेलिब्रेट गर्‍यौँ ।





















## AFTERWORD

*We want to thank all the participants, women and teenagers, as well as the whole village of Sirubari.*

हामी हाम्रो यस कार्यशालामा सहभागी हुनु भएका सम्पूर्ण सहभागीहरु, महिलाहरुको समूह, बालबालिकाहरु तथा सम्पूर्ण सिरुबारी गाँउलाई हृदयदेखि नै धन्यवाद भन्न चाहन्छौँ ।

Creating theatre in rural Nepal was challenging, but it was a treasured step toward equality and participative development. The lessons we learned together did not all come from the final theatre representations in front of a public, but rather from the progressive path going from timidity to loud voices. By this book, we want to share and spread Sirubari inhabitants' courage and make it unforgettable for those who fight for social recognition, those who fight to raise the voices that have been silenced. We hope that this step can continue to draw a wild landscape of creative politics in rural Nepal.

नेपालको ग्रामीण भेगमा रहेको एउट सानो गाँउमा रंचमञ्चीय कार्यशाला संचालन गर्नु चुनौतीपूर्ण थियो तर साथ साथै यो समानता तथा समावेशी विकासको तर्फ महत्वपूर्ण कदम पनि रहेको छ। हामीले सिकेका सम्पूर्ण महत्वपूर्ण भोगाइहरु नाटकको प्रस्तुती भन्दा धेरै त्यहाँसम्म पुग्ने प्रकृयाहरुमा सहभागी हुँदै गर्दा दबिएर बसेका स्वरहरु ठूला ठूला आवाजहरुमा परिणत भएको क्षणमा अनुभव गरेका थियौँ । यस पुस्तकद्वारा हामीहरुले महसुस गरेका हिम्मत, अनि समाजमा आफ्नो अस्तित्व निर्माणका खातीर उठेका बुलन्द आवाजहरु सबै सामु बाड्न चाहन्छौँ । हामी आशा गर्दछौँ नेपालको अन्य ग्रामीण भूभागसम्म पनि यसरी नै रंग मञ्चको प्रयोगद्वारा सामाजिक तथा राजनीतिक बहसहरुलाई अघि बढाउन यस्तै सशक्त कदमहरु निरन्तर अघि बढिरहन सकोस ।

**"I would like this play to never end"**
(Words of a teenager, after a theatre session, October 2017)

**"म चाहन्छु यो कार्यशाला कहिले पनि नसकियोस"**
कार्यशालामा सहभागी एक छात्राको भनाई, अक्टोवर २०१७ ।





Thank you to Kamala, Marine, Thukpa and Nabin
for coming to help with this project!
कमला, मारिन, थुक्पा, लिला अनि नविनलाई सहयोगको लागि धेरै धेरै धन्यवाद ।







A warm thanks to Lila for illustrating our huts since childhood. This book is an opportunity to celebrate an old creative friendship.

Written by Lise Landrin and Pariksha Lamichhane
Graphics and design: Lila Peuscet
Pictures: Elodie Berthe and Lise Landrin
Drawing: Marine Baudot
ISBN 978-2-9567402-0-9

Supported by
Pacte
Laboratoire de sciences sociales
LIENS
Libellud